# प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ७) वीरेन्द्रनगर, सुर्खेत, मंसिर १० गते, २०८१ साल (अतिरिक्ताङ्क १६

## भाग-३

## कर्णाली प्रदेश सरकार

### भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको

### सूचना

**कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८१**

**प्रस्तावना**ः कर्णाली प्रदेश सरकारबाट कृषि व्यवसाय प्रवर्द्धन, पशुपन्छी पालन र सहकारी क्षेत्रको विकास मार्फत कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरी कर्णाली प्रदेशका आम बासिन्दाको जीवनयापन सहज बनाउन उपलब्ध गराइने अनुदान रकमबाट सञ्चालन गरिने कार्यक्रमलाई व्यवस्थित, पारदर्शी, प्रभावकारी, अनुमानयोग्य र प्रतिफलमा आधारित बनाउन वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश विनियोजन ऐन, २०८१ को दफा १२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी कर्णाली प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

परिच्छेद-१

**<u>प्रारम्भिक</u>**

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>:** (१) यस कार्यविधिको नाम "कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा</u>:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अनुदान" भन्नाले प्रदेश सरकारका विभिन्न निकायबाट कृषि बाली, वस्तु तथा पशुपन्छी र मत्स्यजन्य वस्तुको उत्पादन, प्रशोधन, बजारीकरण तथा गुणस्तर नियन्त्रणका लागि कृषक, कृषक समूह, कृषि कार्यमा संलग्न सहकारी तथा कृषि उद्यमी (फर्म वा कम्पनी) लाई उपलब्ध गराउने नगद वा जिन्सी सहयोग सम्झनु पर्छ र सो शब्दले कृषि ऋणको ब्याजमा दिइने नगद अनुदानलाई समेत जनाउँछ।

(ख) "अनुदानग्राही" भन्नाले यस कार्यविधि बमोजिम छनौट भएका कृषक, कृषि उद्यमी, कृषक समूह, कृषि कार्य गर्ने व्यावसायिक कृषि फर्म र कम्पनी, कृषि सम्बन्धी सहकारी संस्था, कृषिसँग सम्बन्धित समिति, बोर्ड, ऋणी कृषक र कृषि व्यवसायी सम्झनु पर्छ र सो शब्दले कृषि विषय अध्यापन गराउने शिक्षण संस्थालाई समेत जनाँउछ।

(ग) "ऐन" भन्नाले कर्णाली कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७९ सम्झनु पर्छ।

(घ) "कार्यक्रम" भन्नाले स्वीकृत नीति तथा कार्यक्रम अन्तर्गत मन्त्रालय वा अन्तर्गतका निकायबाट सञ्चालन हुने कृषि, सहकारी विकास, भूमि व्यवस्थापन र गरिबी निवारण सम्बन्धी कार्यक्रम सम्झनु पर्छ।

(ङ) "कार्यक्रम सञ्चालन समिति" भन्नाले दफा ४ को उपदफा (१) बमोजिमको कार्यक्रम सञ्चालन समिति सम्झनु पर्छ।

(च) "कार्यालय" भन्नाले मन्त्रालय र अन्तर्गतका स्वीकृत कार्यक्रम बमोजिम बजेट खर्च गर्न अख्तियारी प्राप्त निकाय सम्झनु पर्छ।

(छ) "कृषि" भन्नाले बाली, बागवानी, पशुपन्छी, मत्स्य लगायत कृषिका सबै उपक्षेत्रसँग सम्बन्धित उत्पादन, उद्योग तथा व्यवसाय सम्झनु पर्छ।

(ज) "निर्देशनालय" भन्नाले कृषिसँग सम्बन्धित कार्यक्रमको हकमा कृषि विकास निर्देशनालय र पशुपन्छीसँग सम्बन्धित कार्यक्रमको हकमा पशुपन्छी विकास निर्देशनालय सम्झनु पर्छ।

(झ) "निर्देशक समिति" भन्नाले दफा ३ को उपदफा (१) बमोजिमको निर्देशक समिति सम्झनु पर्छ।

(ञ) "नियमावली" भन्नाले कर्णाली कृषि व्यवसाय प्रवर्द्धन नियमावली, २०८० सम्झनु पर्छ।

(ट) "बैंक" भन्नाले नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त कम्तीमा "घ" वर्गको बैंक तथा वित्तीय संस्था सम्झनु पर्छ।

(ठ) "मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ।

(ड) "लक्षित वर्ग" भन्नाले आफ्नो वा आफ्नो परिवारको नाममा भएको जग्गा तथा अन्य सम्पत्तिबाट वर्षको तीन महिनासम्म खान पुग्ने अवस्था भएका समुदाय, कृषि मजदुर, पिछडिएको वर्ग, दलित, जनजाति, मुक्त हलिया, महिला, एकल महिला, अपाङ्ग, लोपोन्मुख (राजी, राउटे र बादी) जात जाति, प्रदेश स्थापनार्थ सहिद परिवार र द्वन्द्व पीडित व्यक्ति सम्झनु पर्छ।

(ढ) "सन्दर्भ मूल्य" भन्नाले कृषक आफैले खरिद गरेका उत्पादन सामग्रीमा अनुदान उपलब्ध गराउने प्रयोजनका

आन्तरिक मामिला तथा कानून मन्त्रालय

लागि स्थानीय तहको दररेट, जिल्लाको दरदेट वा प्रचलित कानून बमोजिमको मूल्य सम्झनु पर्छ।

परिच्छेद-२

## कार्यक्रम सञ्चालन तथा व्यवस्थापन

३. **निर्देशक समिति** (१) मन्त्रालय स्तरीय कार्यक्रम सञ्चालन गर्न तथा मातहतका निकायलाई आवश्यक निर्देशन दिन मन्त्रालयमा देहाय बमोजिमको एक निर्देशक समिति रहनेछः-

(क) सचिव, मन्त्रालय - संयोजक

(ख) प्रमुख, कृषि विकास महाशाखा, मन्त्रालय - सदस्य

(ग) प्रमुख, प्रशासन तथा सहकारी विकास महाशाखा, मन्त्रालय - सदस्य

(घ) प्रमुख, पशुपन्छी विकास महाशाखा, मन्त्रालय - सदस्य

(ङ) लेखा अधिकृत, मन्त्रालय - सदस्य

(च) कानून अधिकृत, मन्त्रालय - सदस्य

(छ) प्रमुख, योजना महाशाखा, मन्त्रालय - सदस्य-सचिव

(२) निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्वीकृत कार्यक्रम सञ्चालनका लागि मार्गदर्शन गर्ने,

(ख) मन्त्रालयबाट सञ्चालन हुने कार्यक्रम सञ्चालन सम्बन्धी निर्णय गर्ने,

(ग) निवेदन साथ पेस गर्नु पर्ने आवश्यक कागजात निर्धारण गर्ने,

(घ) अनुसूची-१ बमोजिम मूल्याङ्कनका आधार आवश्यकता अनुसार विस्तृतीकरण गर्ने र मन्त्रालयबाट सञ्चालन हुने कार्यक्रमको लागि अनुदानग्राही छनौट गर्ने,

(ङ) मन्त्रालय र मन्त्रालय अन्तर्गत सञ्चालित कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि समन्वय, निरीक्षण तथा अनुगमन गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(च) कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धित महाशाखा तथा मातहतका कार्यालयलाई आवश्यक निर्देशन दिने,

(छ) मूल्याङ्कनका मापदण्ड तयार गर्ने।

(३) निर्देशक समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(४) निर्देशक समितिमा बहुमत सदस्यको उपस्थितिलाई बैठकको गणपुरक सङ्ख्या मानिनेछ।

(५) निर्देशक समितिको बैठकको निर्णय बहुमतको आधारमा गरिनेछ।

(६) निर्देशक समितिले बढीमा तीन जनासम्म सम्बन्धित विषयविज्ञ वा सरोकारवालालाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(७) निर्देशक समितिको बैठक सम्बन्धी अन्य व्यवस्था सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

४. **कार्यक्रम सञ्चालन समिति**: (१) कार्यालयका कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्न देहाय बमोजिमको एक कार्यक्रम सञ्चालन समिति रहनेछः-

| | |
|---|---|
| (क) प्रमुख, कार्यालय | - संयोजक |
| (ख) अधिकृत प्रतिनिधि, सम्बन्धित जिल्लाको जिल्ला समन्वय समिति | -सदस्य |
| (ग) अधिकृत प्रतिनिधि, कार्यालय | -सदस्य |
| (घ) प्रतिनिधि, प्रदेश लेखा इकाई | -सदस्य |
| (ङ) योजना शाखा हेर्ने अधिकृत, कार्यालय | -सदस्य-सचिव |

**स्पष्टीकरणः** खण्ड (ग) को प्रयोजनको लागि "कार्यालय" भन्नाले कृषिसँग सम्बन्धित कार्यक्रमको हकमा पशु अस्पताल तथा पशु सेवा कार्यालय र पशुपन्छीसँग सम्बन्धित कार्यक्रमको हकमा कृषि विकास कार्यालय सम्झनु पर्छ।

(२) कार्यक्रम सञ्चालन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्वीकृत कार्यक्रम सञ्चालनका लागि मार्गदर्शन गर्ने,

(ख) कार्यालयबाट सञ्चालन हुने कार्यक्रम सञ्चालन सम्बन्धी निर्णय गर्ने,

(ग) निवेदन साथ पेस गर्नु पर्ने आवश्यक कागजात निर्धारण गर्ने,

(घ) अनुसूची-१ बमोजिम मूल्याङ्कनका आधार बमोजिम मूल्याङ्कन गर्ने र कार्यालयबाट सञ्चालन हुने कार्यक्रमको लागि अनुदानग्राही छनौट गर्ने,

(ङ) कार्यालयबाट सञ्चालन हुने कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि समन्वय, निरीक्षण तथा अनुगमन गर्ने,

(च) कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धित शाखालाई आवश्यक निर्देशन दिने,

(छ) सञ्चालित कार्यक्रमको आवधिक रुपमा समीक्षा गरी निर्देशनालय मार्फत मन्त्रालयमा प्रतिवेदन पेस गर्ने।

(३) कार्यक्रम सञ्चालन समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(४) कार्यक्रम सञ्चालन समितिमा बहुमत सदस्यको उपस्थितिलाई बैठकको गणपूरक सङ्ख्या मानिनेछ।

(५) कार्यक्रम सञ्चालन समितिको बैठकको निर्णय बहुमतको आधारमा गरिनेछ।

(६) कार्यक्रम सञ्चालन समितिले बढीमा तीन जनासम्म सम्बन्धित विषय विज्ञ वा सरोकारवालालाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(७) कार्यक्रम सञ्चालन समितिको बैठक सम्बन्धी अन्य व्यवस्था सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

५. **अनुदान प्रवाहः** (१) कार्यालयले आफ्नो वार्षिक स्वीकृत बजेटमा भएका कार्यक्रमका लागि लक्षित वर्गका लागि निर्देशक समिति वा कार्यक्रम सञ्चालन समितिको निर्णय बमोजिम अनुदान उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुदानग्राहीलाई प्रदान गरिने अनुदानको प्रतिशत तथा सीमा नियमावलीको अनुसूची-४ बमोजिम हुनेछ।

तर नियमावलीको अनुसूची-४ बाहेकको अनुदानको हकमा प्रतिशत निर्धारण अनुसूची–२ बमोजिम हुनेछ।

## परिच्छेद-३
## कार्यक्रम सञ्चालन प्रकृया सम्बन्धी व्यवस्था

६. **सूचना प्रकाशनः** (१) अनुदान कार्यक्रममा सहभागी हुन अनुदानग्राहीलाई कार्यालयले कम्तीमा एक्काइस दिनको समयसीमा दिई अनुसूची-३ बमोजिमको ढाँचामा स्थानीय पत्रिकामा सूचना प्रकाशन गर्नु पर्नेछ र त्यस्तो सूचना कार्यालयको वेबसाइटमा समेत राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रकाशित सूचना अनुसार कुनै पनि निवेदन प्राप्त नभएमा पहिलो पटकको सूचनाको म्याद समाप्त भएको मितिले पुनः सात दिनको समयावधी राखी दोस्रो पटक सूचना प्रकाशन गर्न सकिनेछ।

७. **निवेदन दर्ताः** (१) दफा ६ बमोजिम सूचना प्रकाशन भएपछि अनुदानग्राहीले अनुसूची-४ बमोजिमको ढाँचामा निवेदन, प्रतिवद्धता पत्र, नेपाली नागरिकता प्रमाणपत्र, संस्था दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपिका कागजात सहित सम्बन्धित स्थानीय तहको कृषि वा पशुपन्छी शाखामा निवेदन दर्ता गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुदानग्राहीले एक लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म अनुदान माग गरेका कार्यक्रमका लागि एक सय रुपैयाँ र सो भन्दा बढी अनुदान माग भएको कार्यक्रमका लागि पाँच सय रुपैयाँ निवेदन दस्तुर कार्यालयको राजश्व खातामा बुझाएको बैंक भौचर वा नगद रसिद समेत पेस गर्नु पर्नेछ।

८. **<u>अनुदानग्राहीको छनौटः</u>** (१) दफा ७ बमोजिम प्राप्त निवेदनलाई कार्यालयले प्रारम्भिक जाँचबुझ गरी रित पुगेका निवेदकको सूची तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचीका आधारमा निवेदनमा प्रस्तावित व्यवसायको सम्बन्धमा कम्तीमा दुईजना प्राविधिक कर्मचारीले स्थलगत अनुगमन गरी अनुसूची-१ बमोजिमका मूल्याङ्कनका आधारमा प्राविधिक प्रतिवेदन सम्बन्धित कार्यालयमा पेस गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको प्राविधिक प्रतिवेदन कार्यालयले अनुदानग्राही छनौट प्रक्रियाका लागि कार्यक्रम सञ्चालन समितिमा पेस गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त प्रतिवेदनको आधारमा प्राथमिकता निर्धारण गरी कार्यक्रम सञ्चालन समितिबाट अनुदानग्राही छनौट गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम अनुदानग्राही छनौट गरिएको सूचना कार्यालयले सात दिनभित्र प्रकाशन गर्नु पर्नेछ।

९. **<u>लागत अनुमान तयार गर्नेः</u>** (१) दफा ८ को उपदफा (४) बमोजिम छनौट भएका योजनाको कार्यालयले स्थलगत निरीक्षण गरी लागत अनुमान तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम लागत अनुमान तयार गर्दा कार्यक्रम संचालनका लागि दश लाख रुपैयाँभन्दा बढी बजेट विनियोजन भएको कार्यक्रम सञ्चालनमा खर्च हुने इन्धन, मसलन्द अनुगमन, प्राविधिक सेवा र मर्मत लगायतको खर्चका लागी कूल लागत अनुमानको दुई दशमलव पाँच प्रतिशत नबढ्ने गरी खर्च गर्न सकिनेछ।

तर, पूर्वाधार निर्माण वा मर्मत सम्बन्धी कार्यक्रमका हकमा प्रचलित सार्वजनिक खरिद ऐन र नियमावली बमोजिम गर्न सकिनेछ।

(३) सरकारी फर्म केन्द्रबाट उत्पादित कृषिजन्य वस्तुको बिक्री वितरण गर्दा सन्दर्भ मूल्य वा नेपाल सरकारले निर्धारण गरेको दररेट बमोजिम गर्न सकिनेछ।

(४) कार्यक्रमको लागत अनुमान तयार गर्दा जिल्ला दररेट वा स्थानीय तहले तोकेको दररेट वा नतोकिएकाको हकमा स्थान विशेषको चलनचल्तिको दररेटलाई आधार लिन सकिनेछ।

(५) समूह, सहकारी तथा व्यावसायिक कृषि फर्मसँग कार्यक्रम सञ्चालन गर्दा कार्यविधिमा उल्लेख नभएको हकमा प्रचलित खरिद कानून बमोजिम कार्यक्रम कार्यान्वयन गर्नु पर्नेछ।

१०. **<u>सम्झौता गर्नु पर्ने</u>:** (१) दफा ८ को उपदफा (४) बमोजिम छनौट भएका अनुदानग्राहीलाई आवश्यक कागजातसहित सम्झौता गर्न कार्यालयले न्यूनतम सात दिनको अवधि तोकी सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र सम्झौता गर्न आएका अनुदानग्राहीसँग कार्यालयले अनुसूची-५ बमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम आर्थिक वर्षको जेठ मसान्तपछि कार्यक्रम सञ्चालन तथा अनुदान लिने दिने गरी सम्झौता गरिने छैन।

(४) उपदफा (२) बमोजिम व्यवसायको प्रकृतिको आधारमा कम्तीमा पाँच वर्षसम्म व्यवसायको निरन्तरता रहने गरी कार्यालयले अनुदादानग्राहीसँग सम्झौता गर्नु पर्नेछ।

तर विपद् वा अन्य कुनै काबुबाहिरको परिस्थितिबाट क्षति भएको अवस्थामा त्यस्तो क्षतिको प्रमाणित मुचुल्का, स्थानीय तहको सिफारिस, प्रहरी प्रतिवेदन लगायतका कागजात अनुदानग्राहीले एक महिनाभित्र अनुदान प्रदायक निकायमा पेस गरेमा समितिको निर्णय बमोजिम हुनेछ।

११. **<u>कार्यक्रमको प्राविधिक मूल्याङ्कन, जाँचपास र फरफारक</u>:** (१) दफा १० को उपदफा (२) बमोजिम सम्झौता अनुरुप कार्यसम्पन्न भएपछि अनुदानग्राहीले कार्यालय समक्ष भुक्तानीका लागि निवेदन र सक्कल बिल, भौचर लगायत आवश्यक कागजात र विवरण पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि कार्यालयका सम्बन्धित विषयका प्राविधिकले स्थलगत अनुगमन गरी अनुसूची-६ बमोजिमको ढाँचामा कार्य सम्पन्न प्रतिवेदन पेस गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम पेस गरेको कार्यसम्पन्न प्रतिवेदनका आधारमा कार्यालयले अनुदानग्राहीको बैंक खाता मार्फत वा अनुदानग्राहीको माग अनुसार सम्बन्धित आपूर्तिकर्ताको बैंक खातामा भुक्तानी गर्नु पर्नेछ।

१२. **सार्वजनिक परीक्षणः** अनुदानग्राहीले कार्यक्रम सम्पन्न भएपछि अनुदान भुक्तानीका लागि कार्यालयमा निवेदन पेस गर्नु अघि कार्यस्थलमा समुदायको सार्वजनिक भेला गराई कार्यक्रमको प्रक्रिया, प्राप्त नतिजा र खर्च विवरण सम्बन्धमा सार्वजनिक परीक्षण गराउनु पर्नेछ।

१३. **सार्वजनिक गर्नु पर्नेः** (१) अनुदान उपलब्ध गराउने कार्यालयले अनुदान सम्बन्धी विवरण अनुसूची-७ बमोजिमको ढाँचामा वेबसाइटमा नियमित रूपमा अद्यावधिक गरी सार्वजनिक गर्नु पर्नेछ र त्यस्तो अद्यावधिक विवरण मन्त्रालयमा समेत पठाउनु पर्नेछ।

तर वेबसाइट नभएको कार्यालयको हकमा त्यस्तो अद्यावधिक विवरण कार्यालयको सूचनापाटी वा बुलेटिन मार्फत सार्वजनिक गर्नु पर्नेछ।

(२) कार्यालयले अनुदानको अभिलेख नियमित रुपमा राखी अद्यावधिक समेत गर्नु पर्नेछ।

परिच्छेद-४

## अनुदानका कार्यक्रम र सञ्चालनका प्राविधिक तथा आर्थिक पक्ष

१४. **गरिब तथा विपन्न लक्षित वर्ग विशेष कृषि प्रवर्द्धन कार्यक्रमः** (१) दलित, अति विपन्न र लक्षित वर्गका कृषकलाई व्यावसायिक कृषितर्फ आकर्षित गर्दै आय वृद्धि गर्ने कार्य यस कार्यविधि बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रम सञ्चालनका लागि कार्यालयले देहायका प्रमुख क्रियाकलाप सञ्चालन गर्नेछः-

(क) कृषि तथा पशुपन्छीजन्य वस्तु (तरकारी, च्याउ, मौरी, नर्सरी, बाख्रा, कुखुरा, बंगुर र माछा) को उत्पादन, प्रशोधन, प्याकेजिङ्ग, बजारीकरण र भण्डारण,

(ख) सिँचाइ पूर्वाधार निर्माण,

(ग) सामूहिक खेती,

(घ) लघु उद्योग (आरन, गड्यौली मल, छुर्पी, दुग्धजन्य परिकार),

(ङ) सीप विकास।

(३) उपदफा (२) बमोजिमको क्रियाकलाप सञ्चालनका लागि (शतप्रतिशत अनुदान) अधिकतम दश लाख रुपैयाँ प्रति कार्यक्रम प्रदान गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम शतप्रतिशत अनुदान प्रदान गर्न देहायको मापदण्डलाई आधार लिनुपर्नेछः-

(क) आफ्नै उत्पादनले वर्षको तीन महिना मात्र खानपुग्ने अवस्थामा भएका लक्षित वर्ग वा समुदाय,

(ख) अति विपन्न तथा लक्षित वर्ग बसोबास भएको गाउँ,

(ग) न्यूनतम पन्ध्र घरधुरी भएको,

(घ) एकै भूगोलसँग जोडिएको बस्ती।

(५) उपदफा (२) बमोजिमको क्रियाकलाप सञ्चालन प्रक्रिया देहाय बमोजिम हुनेछः-

(क) स्थानीय सम्भाव्यता र आवश्यकताको आधारमा न्यूनतम मापदण्ड पुगेका कम्तीमा तीनवटा बस्तीहरु छनौट गरी तिनिहरुको प्राथमिकताक्रम तोकी कार्यक्रम सञ्चालन समितिले लाभग्राही छनौट गर्ने,

(ख) खण्ड (क) बमोजिम लाभग्राही छनौट गर्दा कार्यक्रम सञ्चालन समितिले सम्बन्धित प्रदेश निर्वाचन क्षेत्रको प्रत्यक्ष निर्वाचित सदस्य र समानुपातिक सदस्यलाई आमन्त्रित गर्नु पर्ने,

(ग) खण्ड (क) बमोजिम लाभग्राही छनौटको कार्य चालु आर्थिक वर्षको पौष मसान्तभित्र गरिसक्ने,

(घ) लाभग्राहीको माग बमोजिम छनौट भएका क्रियाकलाप सञ्चालन गर्दा लाभग्राही वा कार्यालय मार्फत सञ्चालन गरिने क्रियाकलाप उल्लेख गरी सम्झौता गर्ने।

(६) उत्पादन सामाग्री खरिद गर्दा प्रदेश सरकारको सहयोगमा सञ्चालन भएका कृषि तथा पशुपन्छी र मत्स्य स्रोत केन्द्रमा उपलब्ध भएमा उक्त स्रोत केन्द्रबाट खरिद गर्ने।

**१५. <u>कृषि यान्त्रिकीकरण प्रवर्द्धन कार्यक्रमः</u>** (१) कृषि यान्त्रिकीकरण प्रवर्द्धन गर्न कृषि, पशुपन्छी तथा मत्स्य उत्पादन र उत्पादनोपरान्त कार्यका लागि प्रयोग हुने मेशिनरी औजार, यन्त्र, उपकरणहरु वितरण गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रमको अनुदान रकम र अनुदान रकमको अधिकतम सीमा खरिद मूल्यको पचास प्रतिशत हुनेछ।

(३) उपदफा (२) बमोजिमको अनुदान वितरणका लागि देहाय बमोजिमको कार्यक्रम सञ्चालन प्रक्रिया अवलम्बन गर्नु पर्नेछः-

(क) निर्देशक समितिले स्वीकृत बजेटको परिधिमा रही अनुदानमा उपलब्ध गराउने कृषि, पशुपन्छी तथा मत्स्य उत्पादन र उत्पादनोपरान्त कार्यका लागि प्रयोग हुने मेशिनरी औजार, यन्त्र, उपकरणहरुको विवरण तयार गर्ने,

(ख) छनौट गरेका उपकरणहरुको प्राविधिकबाट स्पेसिफिकेशन तयार गरी दर रेट पेस गर्न र आपूर्तिकर्ता छनौट गर्नका लागि अनुसूची-८ बमोजिमको निवेदन र अनुसूची-९ बमोजिमको कागजात पेस गर्न राष्ट्रियस्तरको पत्रिकामा सूचना प्रकाशन गर्ने,

(ग) निवेदकले औजार, यन्त्र तथा उपकरणको दररेटका सहित अनुसूची-८ को प्रकरण नम्बर १० बमोजिमको ढाँचामा आपूर्तिकर्ताले आपूर्ति गर्न सक्ने औजार, यन्त्र तथा उपकरणको जम्मा हुन आउने रकमको दुई दशमलव पाँच प्रतिशत रकम कार्यालयले तोकेबमोजिमको बैङ्क खातामा म्याद भएको बैङ्क ग्यारेन्टी वा सो बराबरको रकम जम्मा गरी सक्कल भौचर पेस गर्नु पर्ने,

(घ) निर्देशक समितिले खण्ड (क) बमोजिम छनौट गरेका उपकरणहरु माग गर्न कृषकका लागि अनुसूची-९ बमोजिमको कागजात र अनुसूची-१० बमोजिमको निवेदन पेस गर्न सूचना प्रकाशन गर्ने।

(४) उपदफा (३) को खण्ड (ख) बमोजिम प्राप्त भएका निवेदनहरुको प्राविधिक र आर्थिक पक्ष मूल्याङ्कन गरी प्रत्येक कृषि यन्त्र उपकरण वा मेसिनरीको मूल्य निर्धारण र आपूर्तिकर्ता छनौट गर्दा निर्देशक समितिले सम्बन्धित विषयको प्राविधिक (मेकानीकल वा कृषि ईन्जिनियर) सहभागी गराउनु पर्नेछ।

(५) मन्त्रालयले छनौट भएका आपूर्तिकर्तासँग अनुसूची-११ बमोजिम शर्त उल्लेख गरी अनुसूची-१२ बमोजिम सम्झौता गर्नु पर्नेछ।

(६) उपदफा (३) को खण्ड (घ) बमोजिम प्राप्त नि वेदक मध्येबाट अनुदानग्राही छनौटका लागि मन्त्रालय वा कार्यालयले खटाएका प्राविधिक कर्मचारीले स्थलगत अनुगमन गरी अनुसूची-१३ बमोजिमको मूल्याङ्कनको आधारमा प्रतिवेदन पेश गर्नु पर्नेछ र सो प्रतिवेदनको आधारमा निर्देशक समितिले अनुदानग्राही छनौट गर्नु पर्नेछ।

(७) छनौट भएका अनुदानग्राहीले प्राप्त गर्ने कृषि यन्त्र उपकरण वा मेसिनरी औजार अनुसूची-१४ बमोजिमको सिफारिस आपूर्तिकर्तालाई पठाउनु पर्नेछ।

(८) उपदफा (७) बमोजिम सिफारिस भएका कृषकले पचास प्रतिसत रकम सम्बन्धित आपूर्तिकर्तालाई भुक्तानी गरी सो को जानकारी कार्यालयलाई दिई कृषि सामग्री लैजान सक्नेछ। उक्त सामग्रीहरु कृषकले प्राप्त गरेको अनुगमन सहितको प्रतिवेदन कार्यालयले मन्त्रालयमा पेस गर्नु पर्नेछ।

(९) आपूर्तिकर्ताले कृषकलाई कृषि यन्त्र उपकरण वा मेसिनरी औजार उपलब्ध गराउनुपूर्व स्वीकृत स्पेसिफिकेशन अनुसार वा सो भन्दा बढी क्षमता वा गुणस्तर भएको बारे कार्यालयले तोकेको प्राविधिकबाट प्रमाणित गराउनु पर्नेछ।

(१०) आपूर्तिकर्ताले कृषकलाई उपलब्ध गराएका कृषि यन्त्र उपकरण वा मेसिनरी औजारको परिमाण, कृषकबाट पचास प्रतिशत रकम प्राप्त गरेको प्रमाण, आवश्यक बिल भरपाई सहित कार्यालयमा अनुसूची-१५ बमोजिम निवेदन पेस गरेपछी सम्बन्धित आपूर्तिकर्ताको खातामा कार्यालयले बाँकी पचास प्रतिशत रकम भुक्तानी गर्नेछ।

(११) आपूर्तिकर्ताले कृषकलाई यन्त्र उपकरण हस्तान्तरण गर्नुपूर्व अनुसूची-१६ बमोजिमको ढाँचामा सम्बन्धित मेसिनरी यन्त्र उपकरणमा विवरण राख्नु पर्नेछ।

१६. **<u>एक स्थानीय तह एक कृषि तथा पशुसेवा प्राविधिक तथा विशेषज्ञ सेवा कार्यक्रमः</u>** (१) एक स्थानीय तह एक कृषि तथा पशुसेवा प्राविधिक तथा विशेषज्ञ सेवा कार्यक्रम सञ्चालनका लागि देहाय बमोजिमका क्रियाकलाप सञ्चालन गर्नु पर्नेछः-

(क) करारमा कृषि तथा पशुसेवा प्राविधिक नियुक्त गर्ने,

(ख) स्थानीय तहसँगको समन्वयमा सम्बन्धित स्थानीय तह तथा फिल्डस्तरमा प्राविधिक जनशक्ति परिचालन गर्ने,

(ग) विशेषज्ञ सेवा खरिद गर्ने।

(२) उपदफा (१) बमोजिमको क्रियाकलाप सञ्चालन गर्दा देहाय बमोजिमको सेवा सुविधा उपलब्ध गराउन सकिनेछः-

(क) कृषि तथा पशुसेवा प्राविधिकको मासिक पारिश्रमिक पच्चिस हजार रुपैयाँ र तोकिएको कार्यक्षेत्र बाहिर खटिएको अवस्थामा दैनिक भ्रमण भत्ता,

(ख) विशेषज्ञ सेवा कार्यक्षेत्रगत सर्त स्वीकृत गरी विशेषज्ञ सेवा खरिद गर्ने।

(३) उपदफा (१) बमोजिम नियुक्त हुन देहाय बमोजिमको योग्यता हुनु पर्नेछः-

(क) बाली वा पशुविज्ञान विषयमा कम्तीमा जेटीए कोर्ष उत्तीर्ण गरेको,

(ख) विशेषज्ञता सेवाको हकमा स्वीकृत कार्यक्षेत्रगत सर्तमा उल्लेख भए बमोजिमको न्यूनतम शैक्षिक योग्यता तथा सम्बन्धित क्षेत्रमा तोकिएको कार्य अनुभव।

(४) उपदफा (१) बमोजिम नियुक्त भएका प्राविधिक कार्यक्रम, बजेट विनियोजन र सम्बन्धित प्राविधिकको कार्यक्षमता सन्तोषजनक भएमा निरन्तर रहन सक्नेछन्। वार्षिक बजेट तथा कार्यक्रम नभएको अवस्थामा स्वतः पद मुक्त हुनेछन्।

१७. **स्रोतकेन्द्र स्थापना तथा सुदृढीकरण (बाली, फलफूल, नर्सरी, च्याउ, पशुपन्छी, मत्स्य लगायत) कार्यक्रमः** (१) यस कार्यक्रम सञ्चालनका लागि देहाय बमोजिमका स्रोतकेन्द्र स्थापना तथा सञ्चालन गर्नु पर्नेछः-

(क) खाद्यान्न बीउ, तरकारी बीउ, फलफूल, तरकारी नर्सरी, च्याउको स्पन, मौरी वा मौरी घार तथा मौरी उपकरण,

(ख) पशुपन्छी तथा मत्स्य,

(ग) घाँसको बीउ वा बेर्ना,

(घ) कृषि औजार उपकरण।

(२) उपदफा (१) बमोजिमको कार्यक्रम सञ्चालनका लागि अनुदान रकम र अधिकतम सीमा स्वीकृत बजेटको परिधिभित्र रही लागत अनुमानको अधिकतम पचास प्रतिशतसम्म हुन सक्नेछ।

(३) उपदफा (१) बमोजिम कार्यक्रम सञ्चालन गर्दा देहायका क्रियाकलापहरु गर्नु पर्नेछः-

(क) पूर्वाधार निर्माण वा सुदृढिकरण,
(ख) सिंचाई व्यवस्थापन,
(ग) नश्ल, प्यारेन्ट स्टक, माउबोट, बिरुवा तथा बीउमा सहयोग,
(घ) मेसिन तथा औजार उपकरण खरिद तथा वितरण,
(ङ) बाली संरक्षण, औषधी उपचार सेवा।

(४) उपदफा (१) बमोजिम स्रोतकेन्द्र स्थापना तथा सञ्चालन गर्दा देहायका शर्त पूरा गर्नु पर्नेछः-

(क) दर्ता प्रमाणपत्र,
(ख) रेकर्ड प्रणाली लागू गरिएको (बीउ, बेर्ना, बिरुवा, स्पन, गोला, नस्लको जातीय गुण, बिक्री वितरण, स्टक आदि),
(ग) नेपाल सरकारले परिभाषित गरेको जातिय गुणको बीउ, बेर्ना, बिरुवा, स्पन, गोला नस्ल हुनु पर्ने,
(घ) स्रोत केन्द्रको न्यूनतम मापदण्ड पूरा गरेको,
(ङ) उत्पादित स्रोतको मूल्य निर्धारण गर्दा तोकिएको अवधिसम्म न्यूनतम सरकारी दर रेटमा उपलब्ध गराउने प्रतिबद्धता।

(५) कुखुराको प्यारेन्ट स्टक तथा पशुको उन्नत नश्ल आयातको हकमा नेपाल सरकारको "आयात निर्यात सिफारिस, पशुजन्य उद्योग स्थापना तथा विक्री वितरण अनुमति सम्बन्धी कार्यविधि, २०७३" बमोजिम गर्नु पर्नेछ।

१८. **नवीनतम प्रविधिमा आधारित कृषि तथा पशुपन्छीको प्रवर्द्धन कार्यक्रमः**
(१) यो कार्यक्रम सञ्चालनका लागि देहायका क्रियाकलाप सञ्चालन गर्नु पर्नेछः-

(क) नवीनतम प्रविधिमा आधारित कालो धान खेती, वसन्ते मकै खेती, शरदकालीन आलु खेती, सेट बाट गानो प्याज उत्पादन, आलु बीउ उत्पादन, सिताके च्याउ, कुरिलो, सितलचिनी, कालो गहुँ, कालो हलेदो आदीको उत्पादन प्रवर्द्धन,

(ख) नयाँ जात तथा प्रविधिमा आधारित फलफूल बालीहरुको उत्पादन प्रवर्द्धन (किन्नो, एभोकाडो, मेकाडेमिया नट, ड्रागनफ्रुट, एप्पलबयर, ब्लुबेरी, स्ट्रबेरी, किवि, सिताफल, आदि) तथा पुष्प खेती,

(ग) पशुपन्छीका नविनतम प्रविधी तथा नश्ल,

(घ) नवीनतम प्रविधिको विकासका लागि वातानुकूलित प्लाष्टिक घर निर्माण,

(ङ) सिंचाई व्यवस्थापन (थोपा सिंचाई, फोहरा सिंचाई र फर्टिगेसन),

(च) बिरुवाको तालिम तथा काँटछाँट।

(२) उपदफा (१) बमोजिम गरिने क्रियाकलापको बजेट लागत अनुमानको आधारमा पचास प्रतिशतसम्म हुनेछ।

(३) उपदफा (१) बमोजिमका क्रियाकलाप सञ्चालन गर्दा देहायका न्यूनतम मापदण्ड अवलम्बन गर्नु पर्नेछः-

(क) नयाँ प्रविधिको नमुना प्रदर्शन गर्न सकिने भूगोल, सुहाँउदो हावापानी तथा प्राविधिक रुपमा उपयुक्त भएको,

(ख) कम्तीमा तीन रोपनी क्षेत्रफलमा नवीनतम प्रविधिमा आधारित बाली वस्तुको प्रवर्द्धनका लागि जग्गाको सुनिश्चितता भएको,

(ग) पूर्वाधार निर्माण गर्नका लागि कम्तीमा दश वर्ष र अन्य कार्यको हकमा तीन वर्ष जग्गा भाडामा लिएको प्रमाण हुनु पर्ने,

(घ) प्राविधिक रूपले दक्ष कामदारको सुनिश्चित भएको हुनु पर्ने।

१९. **मुख्यमन्त्री उत्कृष्ट कृषक पुरस्कार कार्यक्रमः** (१) कृषकलाई कृषिको रुपान्तरण र आधुनिकीकरण गर्न प्रोत्साहित गर्दै सम्मानजनक पेसाको रुपमा स्थापित गर्न मुख्यमन्त्री उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम सञ्चालन गर्न सकिनेछ। मुख्यमन्त्री उत्कृष्ट कृषक पुरस्कार कार्यक्रममा छनोट गर्दा देहाय बमोजिमका प्रकृया अपनाउनु पर्नेछः-

(क) कार्यक्रम कार्यान्वयनका लागि मन्त्रालयले आर्थिक वर्षको असोज मसान्तभित्र अनुसूची-१७ बमोजिमको मापदण्ड पुगेका कृषकका लागि तीस दिनको सार्वजनिक सूचना प्रकाशन गर्ने,

(ख) खण्ड (क) बमोजिम प्रकाशित सूचनालाई कार्यालयले सम्बन्धित जिल्लाका स्थानीय पत्रिका र एफ.एम. रेडियो मार्फत प्रचार गर्ने,

(ग) खण्ड (क) बमोजिमको सूचना प्रकाशन पश्चात मापदण्ड पुगेका कृषकहरुले अनुसूची-१८ बमोजिमको आवेदन सम्बन्धित कार्यालय वा सम्बन्धित स्थानीय तहको कृषि तथा पशुपन्छी शाखामा बुझाउने,

(घ) सम्बन्धित कृषि तथा पशुपन्छी शाखाले खण्ड (ग) बमोजिम संकलन भएका आवेदनहरु, आवेदन पेस गर्ने समायवधि समाप्त भएको मितिले सात दिनभित्र सम्बन्धित जिल्लाको कार्यालयले संकलन गरिसक्नु पर्ने,

(ङ) अनुसुची-१७ बमोजिमको न्यूनतम मापदण्डमा आधारित भई निर्देशक समितिले तयार गरेको मूल्याङ्कन मापदण्डका आधारमा कार्यालयले आवेदकहरुको स्थलगत अनुगमन गरी कार्यक्रम सञ्चालन समिति समक्ष प्रतिवेदन पेस गर्ने,

(च) खण्ड (ङ) बमोजिम प्रतिवेदन प्राप्त भएपछी कार्यक्रम सञ्चालन समितिले त्यस्तो विवरण रुजु गरी स्थलगत रुपमा

अनुगमन गर्नु पर्ने भएमा सो गरी मूल्याङ्कनका आधारमा जिल्लास्तरमा प्रथम, द्वितीय र तृतीय गरी तीन जना उत्कृष्ट कृषक छनौट गरी सार्वजनिक गर्ने,

(छ) कार्यालयले छनौट गरेका उत्कृष्ट कृषक पुरस्कार वितरण समारोह जिल्ला स्तरमा कृषि विकास कार्यालय र पशु अस्पताल तथा पशु सेवा कार्यालयले संयुक्त रुपमा सञ्चालन गर्ने,

(ज) पुरस्कार वितरण गर्दा पुरस्कारको रकम विधा अनुसार सम्बन्धित कार्यालयको स्वीकृत बजेटबाट खर्च गर्नु पर्नेछ र समारोह व्यवस्थापन खर्च बढी बजेट विनियोजन भएको कुनै एउटा कार्यालयबाट गर्ने,

(झ) सल्यान, रुकुम पश्चिम, जाजरकोट, सुर्खेत र दैलेखका कार्यालयले फागुन छ गतेको रैथाने बाली दिवशको दिनमा र हुम्ला, डोल्पा, मुगु, जुम्ला र कालिकोटका कार्यालयले चैत्र पन्ध्र गतेसम्म पुरस्कार वितरण समारोह समेत सञ्चालन गर्नु पर्नेछ र कार्यालयबाट छनौट भएका सम्पूर्ण कृषकहरुको खण्ड (ङ) बमोजिमको मूल्याङ्कन प्रतिवेदन सहित पुरस्कार वितरण गरेको जानकारी सम्बन्धित निर्देशनालयमा पुरस्कार वितरण भएको पाँच दिनभित्र पठाउने,

(ञ) निर्देशनालयले खण्ड (झ) बमोजिम प्राप्त भएका कृषकहरुको अनुसुची-१७ बमोजिमको न्यूनतम मापदण्डमा आधारित भई निर्देशक समितिले तयार गरेको मूल्याङ्कन मापदण्डका आधारमा स्थलगत अनुगमन प्रतिवेदन कार्यक्रम सञ्चालन समिति समक्ष पेस गर्ने,

(ट) कार्यक्रम सञ्चालन समितिले खण्ड (ञ) बमोजिमको प्रतिवेदनका आधारमा सर्वोत्कृष्ट कृषक छनौटका लागि निर्देशक समिति समक्ष पेस गर्ने,

(ठ) निर्देशक समितिले स्थलगत अनुगमन गर्नुपर्ने भएमा सो कार्य गरी गराई निर्देशनालयबाट प्राप्त सिफारिस समेतलाई मध्यनजर गरी कृषितर्फ एक जना र पशुपन्छीतर्फ एक जना सर्वोत्कृष्ट कृषक छनौट गर्ने,

(ड) निर्देशक समितिले खण्ड (ठ) बमोजिम निर्णय गरी सकेपछि निर्देशनालयले संयुक्त रुपमा असार पन्ध्र गतेका दिन पुरस्कार वितरण गर्ने।

(२) उपदफा (१) को खण्ड (च) र खण्ड (ठ) बमोजिम पुरस्कृत हुने कृषकको संख्या र पुरस्कार रकम देहाय बमोजिम हुनेछः-

(क) जिल्लास्तरमा कृषि र पशुपन्छी दुवै तर्फ तीन/तीन जना उत्कृष्ट कृषक र प्रदेशस्तरमा कृषि र पशुपन्छी दुवै तर्फ एक/एक जना सर्वोत्कृष्ट कृषक छनौट गर्ने,

(ख) छनौट भएका मध्ये जिल्लास्तरको हकमा प्रथम पुरस्कार तीस हजार रुपैयाँ, द्वितीय पुरस्कार पच्चीस हजार रुपैयाँ र तृतीय पुरस्कार बीस हजार रुपैयाँ नगदका साथै प्रमाणपत्र र प्रदेश स्तरमा सर्वोत्कृष्ट कृषकलाई प्रति व्यक्ति एक लाख रुपैयाँ र प्रमाणपत्र प्रदान गर्ने।

(३) एक पटक मुख्यमन्त्री सर्वोत्कृष्ट र उत्कृष्ट कृषक पुरस्कार प्राप्त गरी सकेका कृषकलाई पाँच वर्षसम्म पुनः यस कार्यक्रममा सहभागी गराईने छैन।

(४) उपदफा (३) बमोजिम विगतमा जिल्लास्तरमा उत्कृष्ट पुरस्कार पाएका कृषकहरुलाई जिल्लास्तरको प्रतिस्पर्धामा समावेश नगरी कार्यक्रम सञ्चालन समितिको सिफारिसको आधारमा प्रदेशस्तरीय सर्वोत्कृष्ट पुरस्कारको प्रतिस्पर्धाका लागि सहभागी गराउन बाधा पर्ने छैन।

(५) यस कार्यविधि बमोजिम सर्वोत्कृष्ट तथा उत्कृष्ट कृषक पुरस्कार प्राप्त गरेका कृषकहरुको अभिलेख कार्यालयमा र मन्त्रालयमा व्यवस्थित रुपमा राख्नु पर्नेछ।

(६) पुरस्कार ग्रहण गर्ने कृषकलाई अधिकृतस्तर सरहको भ्रमण खर्च समेत सम्बन्धित कार्यालयले भुक्तानी गर्नु पर्ने।

२०. <u>**प्रतिफलमा आधारित प्रोत्साहन अनुदान कार्यक्रमः**</u> (१) व्यावसायिक रुपमा कृषि उत्पादन र पशुपन्छी तथा मत्स्य पालनका लागि प्रोत्साहित गर्न देहाय बमोजिमको प्रक्रिया अवलम्बन गर्नु पर्नेछः-

(क) यस कार्यक्रममा सहभागी हुनका लागि उपदफा (४) बमोजिमका मापदण्ड उल्लेख गरी कार्यालयले भाद्र मसान्तभित्र सार्वजनिक सूचना प्रकाशन गर्ने,

(ख) कृषकहरुले बाली लगाउनु भन्दा पन्ध्र दिन अगाडी अनुसुची-१९ बमोजिमको आवेदन र विवरण पेस गर्नु पर्ने,

(ग) कार्यालयले आवेदकहरुको स्थलगत अनुगमन गरी कार्यक्रम सञ्चालन समिति समक्ष अनुगमन प्रतिवेदन पेस गर्ने।

(२) कार्यालयबाट प्राप्त प्रतिवेदनको आधारमा कार्यक्रम सञ्चालन समितिले आवश्यकताको आधारमा स्थलगत अनुगमन गर्न सक्नेछ वा सिफारिसको आधारमा सोझै प्रोत्साहन अनुदानग्राही छनौट गर्नेछ।

(३) यस दफा बमोजिम सञ्चालन हुने कार्यक्रमको अनुदान रकम र अधिकतम सीमा अनुसुची–२० बमोजिम हुनेछ।

(४) प्रतिफलमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम सञ्चालन गर्न देहायको न्यूनतम मापदण्ड पूरा गरेको हुनु पर्नेछः-

(क) स्थानीय तहको सिफारिस (दुध वाहेक),

(ख) संस्थागत हकमा संस्था दर्ताको प्रमाणपत्र र उत्पादन रेकर्ड,

(ग) प्रोत्साहन अनुदान प्राप्त गर्नका लागि अन्य कुनैपनि कार्यक्रमबाट सेवा प्राप्त नगरेको।

(५) उपदफा (४) मा जुनसुकै कुरा लखिएको भए तापनि प्रोत्साहन अनुदान बाहेक अन्य अनुदान प्राप्त गरी बाली वस्तु उत्पादन गरेको छ भने त्यस्तो बाली वस्तुमा प्रोत्साहन अनुदान दिइने छैन।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(६) यस दफा बमोजिम प्रोत्साहन अनुदानसम्बन्धी अन्य व्यवस्था देहाय बमोजिम हुनेछः-

(क) दुग्ध उत्पादनमा प्रोत्साहन सहयोग लिनका लागि औपचारिक रूपमा प्रत्यक्ष दुग्ध उत्पादक किसानले दुध सङ्कलन केन्द्र वा डेरी पसल वा सहकारीको अभिलेख राखि बिक्री वितरणको रेकर्ड प्रमाणित भएको हुनु पर्ने,

(ख) दुध खरिद तथा संकलनकर्ताले उत्पादक कृषकलाई दुध खरिद परिमाणको आधारमा सम्बन्धित कृषकको बैंक खातामा रकम जम्मा गरेको प्रमाण कार्यालयमा पेस गर्नु पर्ने।

२१. <u>**राहत वितरण कार्यक्रमः**</u> (१) हिमपात, असिना, हिमपहिरो, हिमताल विस्फोटन, अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो तथा भू-स्खलन, डुबान, खडेरी, आँधी, हुरी बतास, शीतलहर, तातो हावाको लहर, चटयाङ्ग, भूकम्प, डढेलो, महामारी वा यस्तै अन्य प्राकृतिक विपद्‌बाट बालीनाली, पशुपन्छी तथा मत्स्य पालनमा भएको क्षतिमा राहत उपलब्ध गराउनका लागि देहायका न्यूनतम मापदण्ड पुगेको हुनु पर्नेछः-

(क) व्यावसायिक फलफूल तथा तरकारी दुई रोपनी भन्दा बढी भएको हुनुपर्ने,

(ख) पशु बीमालेख नभएको हकमा मात्र पशुपन्छी र माछाको लागि राहत दिइनेछ,

(ग) स्थानीय तहको जनप्रतिनिधिको रोहबरको मुचुल्का र प्रहरी प्रतिवेदन,

(घ) क्षति विवरण सहितको प्राविधिक प्रतिवेदन हुनु पर्ने,

(ङ) कार्यालयमा राहतको लागि आवेदन प्राप्त भएको मितिले तीस दिनभित्र आवश्यक निर्णय गरिसक्नु पर्ने।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि राहत कार्यलाई छिटो छरितो र प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि

पाँच लाख रुपैयाँसम्मको क्षतिलाई कार्यक्रम सञ्चालन समितिबाट निर्णय गरी भुक्तानी गर्न सकिनेछ।

(३) राहत वितरण कार्यक्रमको लागि अनुदान रकम र अधिकतम सीमा देहाय बमोजिम हुनेछः-

(क) फलफूल, तरकारी, च्याउ, खाद्यान्न बाली क्षतिमा अनुमानित क्षतिको बीस प्रतिशत,

(ख) मौरीसहितको घार क्षतिमा प्रति मौरी घार एक हजार रुपैयाँ राहत,

(ग) स्रोत केन्द्रको क्षतिमा क्षतिको बीस प्रतिशत राहत।

(४) पशुपन्छी तथा माछाको पूर्ण क्षतिमा देहाय बमोजिमको राहत उपलब्ध हुनेछः-

(क) स्थानीय गाई प्रति गोटा तीन हजार रुपैयाँ,

(ख) उन्नत गाई, भैंसी, चौंरी, घोडा खच्चडमा प्रति गोटा बीस हजार रुपैयाँ,

(ग) जोत्ने गोरुको प्रति गोटा पाँच हजार रुपैयाँ,

(घ) नोक्सान भएको माछाको बजार मूल्यको बीस प्रतिशत,

(ङ) प्रति गोठ वा खोरमा दश हजार रुपैयाँ,

(च) माछा पोखरीमा बीस प्रतिशत,

(छ) दुई हप्ता भन्दा बढी उमेरको कुखुराको हकमा प्रति गोटा एक सय रुपैयाँ,

(ज) कुखुराको चल्ला प्रति गोटा पन्ध्र रुपैयाँ,

(झ) कालिज वा टर्कीमा प्रति गोटा एक महिना भन्दा बढी उमेरको तीन सय रुपैयाँ,

(ञ) टर्की वा कालिजको चल्लामा प्रति गोटा पचास रुपैयाँ प्रतिगोटा,

(ट) बाख्रा, भेडा, बङ्गुर प्रति गोटा दुई हजार।

२२. <u>**एकीकृत खाद्यतत्व व्यवस्थापन कृषक पाठशाला कार्यक्रमः**</u> (१) बिरुवाको खाद्यतत्व आवश्यकता अनुसार रासायनिक र प्राङ्गारिक मलको

अधिकतम प्रयोग गर्दै बाली, माटो, र खाद्यतत्व व्यवस्थापन गरी वातावरणमा न्यून असर पार्दै माटोको दिगो उर्वरता सुनिश्चित गर्ने कार्य संघीय एकीकृत खाद्यतत्व व्यवस्थापन कृषक पाठशाला सञ्चालन कार्यविधि बमोजिम हुनेछ।

(२) यस कार्यविधि बमोजिम सञ्चालन गरिने कार्यक्रमको बजेट र अधिकतम सीमा एक लाख साठी हजार रुपैयाँसम्म हुनेछ।

२३. **युवा लक्षित कार्यक्रमः** (१) युवाहरुलाई व्यावसायिक कृषि पेसाप्रति उत्प्रेरित गर्न प्रदान गरिने अनुदान रकम र अधिकतम सीमा देहाय बमोजिम हुनेछः-

(क) व्यवसाय सञ्चालनको लागि व्यावसायिक योजना अनुसार तरकारी तथा मसला बालीमा बढीमा पचहत्तर हजार, च्याउ खेतीको लागि बढीमा चालिस हजार, पशुपालनको लागि बढीमा एक लाख, मौरीपालनमा बढीमा पचास हजार र पुष्पखेतीमा बढीमा पचास हजारसम्म अनुदान उपलब्ध गराउने,

(ख) अनुदानग्राहीको लागत सहभागीता न्यूनतम पचास प्रतिशत हुनु पर्ने,

(ग) पशुपन्छी पालनको हकमा खोर वा गोठ निर्माण तथा सुधार र नश्ल सुधारको लागि मात्र अनुदान उपलब्ध गराउने।

(२) युवा लक्षित कार्यक्रम सञ्चालन गर्न देहायको न्यूनतम मापदण्ड पूरा गरेको व्यवसायीलाई प्राथमिकता दिनु पर्नेछः-

(क) उमेर पच्चिस वर्षदेखि पचास वर्षसम्म भएको,

(ख) विदेशबाट फर्किएर कृषि पेसामा आवद्ध भएको,

(ग) सम्बन्धित विषयमा तालिम प्राप्त गरेको,

(घ) विगतदेखि कृषि कर्म गरिरहेको।

२४. **कृषि प्रसार, खाद्य सुरक्षा तथा पोषण सुधार सहयोग कार्यक्रम (स्थानीय तह):** (१) स्थानीय तहमा कृषकहरुलाई अति आवश्यक बीउबिजन र

पशु आहारा तथा पशुपन्छीको लागि औषधी वितरण गरी खाद्य तथा पोषणमा सुधार ल्याउन देहाय बमोजिमका क्रियाकलाप सञ्चालन गर्नु पर्नेछः-

(क) तरकारी खाद्यान्न बाली, दलहन, तेलहन बालीको उन्नत जातका बीउको मिनिकीट विपन्न वर्गलाई प्राथमिकतामा राखि वितरण गर्ने,

(ख) पशु आहारा सुधारको लागि घाँस तथा डाले घाँसको बीउ वा बिरुवा, प्रोवायोटिक तथा पशुपन्छीको परिजिवी नियन्त्रणको लागि औषधि वितरण,

(ग) करेसाबारी सञ्चालनको लागि आवश्यक तरकारी बीउको कम्पोजिट प्याकेज,

(घ) हजारी, स्प्रेयर, स्प्रीङ्कलर जस्ता स-साना कृषि औजारहरु।

(२) उपदफा (१) बमोजिम सञ्चालन गर्ने कार्यक्रमको लागि विनियोजित बजेटको साठी प्रतिशत कृषितर्फ र चालिस प्रतिशत पशुपन्छीतर्फ खर्च गर्नु पर्नेछ।

(३) कम्पोजिट बीउ प्याकेज प्रति कृषक अधिकतम तीन सय रुपैंया सम्म निशुल्क उपलब्ध गराइने छ भने स-साना कृषि औजारहरु हजारी, स्प्रेयर र स्प्रीङ्कलरमा अधिकतम प्रति कृषक पाँच सय रुपैयाँसम्म खर्च गर्न सकिनेछ।

(४) स्थानीय स्तरमा पशुपन्छी उपचार र बचाउको लागि आन्तरिक तथा वाह्य परिजीवि नियन्त्रण गर्न मागको आधारमा औषधी वितरण तथा पशु आहारा सुधारको लागि बीउ तथा बिरुवा र प्रोवायोटीक्स वितरण गर्नु पर्नेछ।

(५) यस दफा बमोजिम कार्यक्रम सञ्चालन गर्ने स्थानीय तहले त्रैमासिक र वार्षीक प्रगति निर्देशनालय र मन्त्रालयमा पठाउनु पर्नेछ।

२५. **<u>प्रदेशको मुख्य नाकामा तथ्याङ्क संकलक परिचालन तथा व्यवस्थापन कार्यक्रमः</u>** (१) प्रदेशमा कृषि तथा पशुपन्छी जन्य उपज आयात र निर्यातको तथ्याङ्क संकलन गरी तथ्यमा आधारित नीति तथा कार्यक्रम

निर्माण गरी कृषि उत्पादन तथा बजार प्रवर्द्धन गर्न देहाय बमोजिमका प्रमुख क्रियकलाप सञ्चालन गर्नु पर्नेछः-

(क) सेवा करारमा तथ्याङ्क संकलक नियुक्त गर्ने,

(ख) स्थानीय तह, प्रदेश प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय, उद्योग वाणिज्य संघ र ढुवानी व्यवसायसँगको समन्वयमा कर्णाली प्रदेशको बबई र कपुरकोट नाकामा तथ्याङ्क संकलक परिचालन गर्ने,

(ग) प्रदेशको कृषि तथा पशुपन्छीजन्य आयात र निर्यातको तथ्याङ्क संकलन तथा व्यवस्थापन गर्ने।

(२) नियुक्त तथ्याङ्क संकलकको मासिक पारिश्रमिक स्वीकृत कार्य क्षेत्रगत सर्त र सम्झौता बमोजिम बढीमा तीस हजार रुपैयाँसम्म हुनेछ।

(३) उपदफा (१) बमोजिमका कार्यक्रम सञ्चालनका लागि देहायको न्यूनतम मापदण्ड अवलम्बन गर्नुपर्नेछः-

(क) सेवा सर्त सम्बन्धी व्यवस्था स्वीकृत कार्य क्षेत्रगत सर्त विवरण बमोजिम हुने,

(ख) अघिल्लो आर्थिक वर्षमा काम गरिरहेका तथ्याङ्क संकलकलाई कार्यक्षमताको आधारमा निरन्तरता दिन सकिने,

(ग) अन्य व्यवस्था कार्य क्षेत्रगत सर्त विवरणमा उल्लेख भए बमोजिम हुने।

२६. **<u>साना सिँचाई निर्माण, मर्मत सम्भार कार्यक्रम (प्रदेश सभा निर्वाचन क्षेत्र समेत)</u>**: (१) सतह तथा भूमिगत सिँचाई, नयाँ प्रविधि (पोखरी, स्प्रिङ्क्लर, प्लाष्टिक पोखरी, थोपा सिँचाई, लिफ्ट प्रणाली, सोलार सिँचाई, फेरोसिमेण्ट टेङ्क, स्वाईल सिमेन्ट पोखरी, पम्प, बोरिङ्ग आदि) तथा सिँचाई आयोजनाको निर्माण तथा मर्मत सम्भार कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रम सञ्चालनको लागि कृषक समूह, फर्म, कृषि तथा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, कृषि

सम्बन्धी अध्यापन गर्ने शिक्षालय र उपभोक्ता समिति लाभग्राहीको रुपमा हुनेछन्।

(३) प्रदेश सभा निर्वाचन क्षेत्र साना सिंचाई निर्माण तथा मर्मत सम्भार कार्यक्रमतर्फ देहायको प्रक्रिया अवलम्बन गरी कार्यक्रम कार्यान्वयन गर्नु पर्नेछः-

(क) कार्यालयले प्रदेश सभा निर्वाचन क्षेत्र भित्रका कृषक समूह, कृषि तथा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, कृषि सम्बन्धी अध्यापन गर्ने शिक्षालय र कृषि फर्मका लागि साना सिंचाई निर्माण तथा मर्मत सम्भार सम्बन्धी दफा ६ को उपदफा (१) बमोजिम सार्वजनिक सूचना प्रकाशन गर्ने,

(ख) सूचना प्रकाशन गर्दा कार्यालयले साना सिंचाई मर्मत सम्भारका लागि पेस गर्नु पर्ने कागजात र प्रमाणहरु समेत खुलाई सूचना प्रकाशन गर्ने,

(ग) प्राप्त आवेदनहरुको स्थलगत अनुगमन गरी पानीको स्रोतको उपलब्धता, आयोजना सञ्चालन गरेपछी वृद्धि हुने सिंचित क्षेत्रफल, लाभान्वित घरधुरी संख्या र सहभागीताको स्तर मूल्याङ्कन गरी मूल्याङ्कन प्रतिवेदनको सारांश तयार गर्ने,

(घ) खण्ड (ग) बमोजिमको मूल्याङ्कन प्रतिवेदनको आधारमा कार्यक्रम सञ्चालन समितिले लाभग्राही छनौट गर्ने,

(ङ) खण्ड (घ) बमोजिम लाभग्राही छनौट गर्दा कार्यक्रम सञ्चालन समितिले सम्बन्धित प्रदेश निर्वाचन क्षेत्रको प्रत्यक्ष निर्वाचित सदस्य र समानुपातिक सदस्यलाई आमन्त्रित गर्नु पर्ने,

(च) खण्ड (घ) बमोजिम लाभग्राही छनौटको कार्य चालु आर्थिक वर्षको पौष मसान्तभित्र सक्नु पर्ने।

(४) उपदफा (१) बमोजिमको कार्यक्रम सञ्चालन गर्न देहाय बमोजमको न्यूनतम मापदण्ड अवलम्बन गरेको हुनु पर्नेछः-

(क) सम्बन्धित समूह, सहकारी वा उपभोक्ता समिति वा कृषि सम्बन्धी अध्यापन गर्ने शिक्षालय वा कृषि फर्मको योजना माग सम्बन्धी निर्णय,

(ख) स्थानीय तहको सिफारिस।

(ग) आयोजनाको औचित्य र अनुदानग्राही वा सिँचाइ सुविधा पुग्ने क्षेत्रफल तथा सम्भाव्य बाली वस्तुको विवरण,

(घ) पानीको मुहान र कुलो पास हुने जग्गामा कुनै विवाद नभएको सम्बन्धमा वडा वा स्थानीय तहको सिफारिस,

(ङ) हालको जलवायु परिवर्तनबाट परेको प्रभावलाई न्यूनीकरण गर्न हिउँ तथा बर्षादको पानी सङ्कलन, स्वाईल सिमेन्ट पोखरी, मुहान संरक्षण सहितको सिँचाइ योजना, थोपा सिँचाइ वा यस्तै प्रकृतिका अन्य प्रविधिलाई प्राथमिकता दिने,

(च) योजना छनौट गर्दा प्रत्येक निर्वाचन क्षेत्रमा लक्षित वर्गबाट समेत योजनाको माग भएमा उक्त वर्गलाई प्राथमिकतामा राखि योजना छनौट गर्ने,

(छ) साना सिंचाई निर्माण तथा मर्मत सम्भार कार्यका लागी आवश्यकताको आधारमा प्राविधिक जनशक्ती व्यवस्थापन का लागि यस कार्यक्रमको कन्टिन्जेन्सी वापतको रकमबाट व्यहोर्ने गरी सेवा खरिद गर्न सकिने।

(५) उपदफा (१) बमोजिमको कार्यक्रमको अनुदान सीमा देहाय बमोजिम हुनेछः-

(क) एउटा सिंचाई योजनाको लागि बढीमा पाँच लाख रुपैयाँ र निजी कृषि फर्मको हकमा एक लाख रुपैयाँ अनुदान रकम नबढ्ने गरी छनौट गर्ने,

(ख) कृषि फर्मको हकमा पचास प्रतिशत लागत सहभागिता जुटाउनु पर्ने,

(ग) समुह, सहकारी र उपभोक्ता समिति र कृषि सम्बन्धित अध्यापन गर्ने शिक्षालयको हकमा पन्ध्र प्रतिशत लागत सहभागीता जुटाउनु पर्ने।

२७. **<u>रोड करिडोर कृषि प्रवर्द्धन कार्यक्रमः</u>** (१) मुख्य राजमार्ग र सहायक मार्ग आसपासमा क्लस्टरमा आधारित तरकारी, फलफूल, पशुपन्छी र मत्स्य उत्पादन तथा प्रवर्द्धन कार्यक्रम सञ्चालन गरी आयातलाई प्रतिस्थापन गर्न देहाय बमोजिमका प्रमुख क्रियाकलाप सञ्चालन गर्नु पर्नेछः-

(क) तरकारी र फलफूलमा क्षेत्र विस्तार,

(ख) पशुपन्छीतर्फ आहारा सुधार, गोठ वा खोर निर्माण तथा सुधार, नश्ल सुधार र पशुस्वास्थ्य सम्बन्धी कार्य,

(ग) मत्स्य पालनको लागि पोखरी वा रेसवे निर्माण।

(२) उपदफा (१) बमोजिमको कार्यक्रम सञ्चालनको लागि देहायको न्यूनतम मापदण्ड अवलम्बन गरेको हुनु पर्नेछः-

(क) तरकारी खेतीको लागि कम्तीमा एक हेक्टर क्लष्टरमा खेती गर्नु पर्ने,

(ख) फलफूल खेतीको लागि एउटा बगैचा कम्तीमा पाँच रोपनीको गर्नु पर्ने,

(ग) पशुपन्छी पालनको हकमा कम्तीमा पचास भैंसी वा गाई, पाँच सय बाख्रा पालन गरेको समुदाय छनौट गरी कार्यक्रम सञ्चालन गर्ने

(घ) घाँस खेतीको लागि समुदायले कम्तीमा पनि एक हेक्टरमा खेती गर्नु पर्ने,

(ङ) आफ्नो जग्गा वा कम्तीमा दश वर्षको भाडामा लिएको जग्गाको सम्झौता हुनु पर्ने,

(च) मत्स्य पालनको हकमा कम्तीमा एउटा क्लष्टरमा दश रोपनी जलाशयको क्षेत्रफल तयार गर्नु पर्ने।

२८. <u>व्यावसायिक फलफूल खेती प्रवर्द्धन कार्यक्रमः</u> (१) सघन फलफूल खेती मार्फत उत्पादन तथा उत्पादकत्व बृद्धि गरी आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्न देहायका प्रमुख क्रियाकलाप सञ्चालन गर्नु पर्नेछः-

(क) फलफूल बगैंचा क्षेत्र विस्तार,

(ख) बगैंचा सुदृढीकरण,

(ग) साना सिँचाई,

(घ) स्वीकृत स्याउ तथा ओखर विकास परियोजना अन्तर्गतका क्रियाकलाप समेत।

(२) उपदफा (१) बमोजिमका कार्यक्रमको अनुदान रकम र अधिकतम सीमा देहाय बमोजिम हुनेछः-

(क) अनुदान रकमको अधिकतम सीमा अनुसूची-२१ बमोजिम हुने,

(ख) ज्यामी र कम्पोष्ट मल (अनुसूची-२१ को महल नम्बर ५ र ६) को हकमा प्राविधिक प्रतिवेदन पेस गर्नु पर्ने र अन्य खर्चको हकमा बील भरपाई पेस गर्नु पर्ने।

(३) उपदफा (१) बमोजिमको कार्यक्रम सञ्चालन गर्न देहाय बमोजिमको न्यूनतम मापदण्ड अवलम्बन गर्नु पर्नेछः-

(क) व्यक्तिको हकमा न्यूनतम पाँच रोपनी र समुदायको हकमा न्यूनतम दश रोपनीको बगैचा स्थापना वा सुदृढीकरण गर्नु पर्ने,

(ख) स्याउ, ओखर, सुन्तला जात, आँप, लिची र अम्बाको बगैचा स्याहार सम्भार गरेवापत प्रति बोट प्रति वर्ष एकसय रुपैयाँका दरले विरुवा रोपेपछिको सुरुका तीन वर्षसम्म बगैचा धनीलाई बगैचा स्याहार अनुदान उपलब्ध गराउनु पर्ने,

(ग) प्राविधिक कर्मचारीले बगैचाको प्राविधिक रुपमा स्याहार सम्भार गरेको छ भनी प्रतिवेदन कार्यालयमा पेस गरेको

आधारमा खण्ड (ख) बमोजिमको बगैंचा स्याहार अनुदान कृषकको बैंक खातामा भुक्तानी गर्नु पर्ने,

(घ) सूचीकृत नर्सरीबाट मात्र बिरुवा खरिद गर्ने,

(ङ) जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाणपत्रको प्रतिलिपि,

(च) स्थानीय तहको सिफारिस पत्र,

(छ) बिरुवा खरिद गर्दा सरकारी फर्मबाट खरिद गर्नु पर्ने र सरकारी फर्म केन्द्रबाट उपलब्ध हुन नसकेमा सोको प्रमाण राखी अन्य स्रोत केन्द्र वा फर्मबाट खरिद गर्न सकिने।

२९. **व्यावसायिक कृषि तथा पशुपन्छी प्रवर्द्धन कार्यक्रमः** (१) व्यावसायिक कृषि तथा पशुपन्छी प्रवर्द्धन कार्यक्रम कार्यान्वयनका लागि देहाय बमोजिमका प्रमुख क्रियाकलाप सञ्चालन गर्नु पर्नेछः-

(क) प्रमुख बाली (खाद्यान्न, तरकारी, बीउ उत्पादन, आलु, दलहन, तेलहन, मसलाबाली, मौरी घार, च्याउ, कपास) को क्षेत्रफल विस्तार,

(ख) उन्नत कृषि प्रविधि (मल, बीउ र बाली संरक्षण सामग्री) को प्रयोग,

(ग) पशुपन्छीतर्फ आहारा सुधार, गोठ वा खोर निर्माण तथा सुधार, नश्ल सुधार र पशुस्वास्थ्य सम्बन्धी कार्य,

(घ) प्रारम्भिक कृषि प्रशोधन र मूल्य अभिवृद्धि।

(२) उपदफा (१) बमोजिमको कार्यक्रम सञ्चालन गर्दा देहायको न्यूनतम मापदण्ड अवलम्बन गर्नु पर्नेछः-

(क) तरकारी खेतीको लागि कम्तीमा एक हेक्टर क्लष्टरमा खेती गर्नुपर्ने,

(ख) खाद्यान्न, कपास, आलु, दलहन, तेलहन, मसला बालीको लागि प्रति कृषक दुई रोपनी र समूह सहकारीका लागि न्यूनतम दुई दशमलव पाँच हेक्टर क्षेत्रफल,

(ग) मौरी घार दश वटा प्रतिव्यक्ति (समूह, सहकारी साठी घार),

(घ) च्याउ दश किलोग्राम बीउ प्रतिव्यक्ति (पचास किलोग्राम बीउ प्रत्येक समूह वा सहकारी)

(ङ) पशुपन्छी पालनको हकमा कम्तीमा पनि पचास भैंसी वा गाई र पाँच सय बाख्रा पालन गरेको समुदाय छनौट गरी कार्यक्रम सञ्चालन गर्ने,

(च) घाँस खेतीको लागि समुदायले कम्तीमा पनि एक हेक्टरमा खेती गर्नु पर्ने,

(छ) आफ्नो जग्गा वा कम्तीमा दश वर्षको भाडामा लिएको जग्गाको सम्झौता हुनु पर्ने।

३०. **कृषि उपज बजारीकरणका लागि ढुवानी सेवा कार्यक्रमः** (१) कृषि उपज बजारीकरणका लागि ढुवानी सेवा कार्यक्रम सञ्चालनका लागि देहायका न्यूनतम मापदण्ड अवलम्बन गर्नु पर्नेछः-

(क) ढुवानी अनुदान तरकारी, आलु र फलफूलजन्य उत्पादनमा मात्र दिइने,

(ख) खण्ड (क) बमोजिमका ढुवानी गरिने परिमाण कम्तीमा दुई टन उत्पादन हुनु पर्ने,

(ग) बढी उत्पादन भई स्थानीय बजारमा बिक्रि गर्न कठिन भएको उत्पादित कृषि वस्तुको नाम र अनुमानित बजारयोग्य कृषि वस्तुको परिमाण तोकी स्थानीय तहको सिफारिस सहित कार्यालयले मन्त्रालयलाई जानकारी गराउनु पर्ने,

(घ) ढुवानी सेवामा अनुदान वीरेन्द्रनगर सुर्खेतसम्मको बजारका लागी मात्र दिने,

(ङ) प्रदेशका उच्च पहाड, पहाडी जिल्लाहरुको उत्पादनलाई कार्यक्रम संचालन गरिने,

(च) पहाडी जिल्लामा दुर्गम स्थानीय तह र जिल्लाको दुरदराज, दुर्गम क्षेत्रको कृषि उत्पादन लाई प्राथमिकता दिने,

(छ) ढुवानीमा लागत साझेदारी गर्ने स्थानीय तहको उत्पादनलाई प्राथमिकता दिन सकिने।

(२) कृषि उपज बजारीकरणका लागि ढुवानी सेवा कार्यक्रम सञ्चालन प्रक्रिया देहाय बमोजिम हुनेछः-

(क) ईच्छुक कृषि व्यवसायी, उद्यमी, फर्म, सहकारीले आफूले ढुवानी गर्ने कृषि वस्तुको परिमाण, वीरेन्द्रनगर, सुर्खेत बजारका व्यापारीसँगको खरिद सम्झौता लगायतका आवश्यक विवरण सहित जिल्लास्थित कार्यालयमा ढुवानी अनुदानका लागि आवेदन दिनु पर्ने,

(ख) जिल्लास्थित कार्यालयले उत्पादन क्षेत्र पहिचान गरी अनुमानित उत्पादन र ढुवानी गरी बजारमा पठाउनु पर्ने उपजको परिमाण यकिन गरी निर्देशनालय र मन्त्रालयलाई जानकारी गराउनु पर्ने,

(ग) कार्यालयले ढुवानी गर्ने ईच्छुक कृषि व्यवसायी, उद्यमी, फर्म, सहकारीसँग स्वीकृत बजेटको परिधिभित्र रही सम्झौता गर्नु पर्ने,

(घ) सम्बन्धित जिल्लाबाट सम्झौता अनुसार ढुवानी गरी ल्याएको कृषि वस्तु सुर्खेतको वीरेन्द्रनगर बजारमा अनलोड गर्नु अगाडी निर्देशनालय मार्फत अनुगमन गरी गराई सोको प्रतिवेदन निर्देशनालयले सम्बन्धित जिल्लालाई पठाउनु पर्ने,

(ङ) ढुवानी गरिएको वस्तुको परिमाण, बील भरपाई, ढुवानी साधनको ब्लु बुक, लाइसेन्स आदि कागजात र निर्देशनालयको प्रतिवेदनका आधारमा सम्झौता बमोजिम कार्यालयले ढुवानीकर्तालाई भुक्तानी गर्ने।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(३) कृषि उपज बजारीकरणका लागि ढुवानी सेवा कार्यक्रमको लागि प्रचलित जिल्ला दररेट अनुसार शत प्रतिशत ढुवानी अनुदान रकम उपलब्ध गराउनु पर्नेछ।

**३१. <u>कृषिजन्य वस्तु प्रशोधन केन्द्र निर्माण तथा सञ्चालन कार्यक्रमः</u>** (१) कृषि वस्तुहरुको मूल्य अभिवृद्धिका लागि पूर्वाधार निर्माण तथा सञ्चालनमा आवश्यक सहयोग गरी उत्पादन विविधिकरण मार्फत मूल्य श्रृङ्खलाका पात्रहरुको आयस्तर वृद्धि गर्न देहायका प्रमुख क्रियाकलाप सञ्चालन गर्नु पर्नेछः-

(क) कृषि उपज प्रशोधन तथा सञ्चयका लागि भौतिक पूर्वाधार निर्माण,

(ख) कृषि उपज प्रशोधन मेशिनरी सहयोग (प्याकेजिङ्ग सामग्री समेत)।

(२) उपदफा (१) बमोजिम सञ्चालन हुने कार्यक्रमको अनुदान रकम लागत अनुमानको पचास प्रतिशत सम्म हुनेछ।

(३) उपदफा (१) बमोजिम सञ्चालन हुने कार्यक्रम सञ्चालनको लागि देहाय बमोजिमको न्यूनतम मापदण्ड अबलम्बन गर्नु पर्नेछः-

(क) प्रचलित कानूनमा व्यवस्था भएकोमा प्रारम्भिक वातावरणीय मूल्याङ्कन प्रतिवेदन,

(ख) विषादी उत्सर्जन तथा फोहर व्यवस्थापन प्रणाली हुनुपर्ने,

(ग) व्यवसाय दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ता,

(घ) व्यावसायिक योजना।

**३२. <u>कृषकलाई जग्गा भाडा सहयोग कार्यक्रमः</u>** (१) यस कार्यक्रम अन्तर्गत व्यावसायिक खेती गर्न प्रोत्साहन गरी स्वरोजगार सृजना गर्न कृषकलाई जग्गाको भाडा उपलब्ध गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सञ्चालन हुने कार्यक्रमको लागि स्थानीय प्रचलित दर वा बढीमा प्रति रोपनी वार्षिक पाँच हजार रुपैयाँका

दरले अधिकतम एक लाख रुपैयाँसम्म बढीमा तीन वर्षसम्मको लागि जग्गा भाडा उपलब्ध गराउन सकिनेछ।

(३) उपदफा (१) बमोजिम कार्यक्रम सञ्चालन गर्दा देहाय बमोजिम न्यूनतम मापदण्ड पूरा गरेको हुनु पर्नेछः-

(क) कम्तीमा पाँच रोपनी जमिन न्यूनतम पाँच वर्षको लागि भाडामा लिएको लिखित सम्झौता हुनुपर्ने,

(ख) भाडामा लिएको जग्गामा कृषि व्यवसाय सञ्चालन गरी कृषि वस्तुको उत्पादन गर्नु पर्ने।

३३. **<u>बाली र पशुपन्छी विशेष उत्पादन क्षेत्र कार्यक्रमः</u>** (१) प्राविधिक दृष्टिकोणले उपयुक्त सम्भावना देखिएका बाली र पशुपन्छीहरुको उत्पादनका क्षेत्रहरुलाई विशेष क्षेत्रको रुपमा निर्धारण गरी व्यवसायिक कृषिको विकास गर्न देहाय बमोजिमका प्रमुख क्रियाकलाप सञ्चालन गर्नु पर्नेछः-

(क) व्यावसायिक कृषि, पशुपन्छी तथा मत्स्य उत्पादन कार्यक्रम,

(ख) बजारीकरण तथा मूल्य अभिवृद्धिका कार्यक्रम,

(ग) कृषि सम्बन्धी पूर्वाधार विकास तथा साना सिंचाई निर्माण वा मर्मत सम्भार।

(२) उपदफा (१) बमोजिमको कार्यक्रमको सञ्चालन प्रकृया देहाय बमोजिम हुनेछः-

(क) मन्त्रालयले सम्भाव्यता अध्ययन गरी विशेष उत्पादन क्षेत्र निर्धारणका लागि ऐन र नियमावली बमोजिम निर्धारित मापदण्डलाई आधार मानी प्रदेश सरकारबाट विशेष उत्पादन क्षेत्र तोक्ने,

(ख) विशेष उत्पादन क्षेत्र सञ्चालन समितिको गठन तथा समितिको काम, कर्तव्य र अधिकार निर्धारण गर्ने,

(ग) कार्यक्रम सञ्चालन स्थल तथा समुदाय पहिचान गर्ने,

(घ) कार्यक्रम सञ्चालनका लागि समुदायको सामुहिक प्रतिवद्धता माग गर्ने,

(ङ) वार्षिक कार्ययोजना तयार गरी कार्यक्रम सञ्चालन गर्ने,

(च) तोकिएका विशेष उत्पादन क्षेत्रको सम्भाव्यता अध्ययनका आधारमा त्रिवर्षीय कार्ययोजना तथा बजेट तर्जुमा गर्ने,

(छ) बजेटको परिधिभित्र रही क्लष्टरमा एकीकृत रुपमा कार्यक्रम सञ्चालन गर्ने,

(ज) आवश्यकताको प्राथमिकीकरण तथा अन्य आवश्यक विषय प्राविधिक मापदण्ड वमोजिम हुने।

तर, प्रदेश सरकारले विशेष उत्पादन क्षेत्र नतोकिसकेको अवस्थामा आर्थिक वर्ष २०८१/०८२ मा सञ्चालन हुने गरी स्वीकृत भएका विशेष उत्पादन क्षेत्र कार्यक्रमका हकमा खण्ड (ग), (घ) र (ङ) बमोजिम गर्न सकिनेछ।

३४. <u>**कृषि वस्तु भण्डारण तथा बजार पूर्वाधार निर्माण वा मर्मत सम्भारः**</u> (१) शीत भण्डार, सेलार स्टोर, रष्टिक स्टोर र कोल्ड च्याम्बर निर्माण वा मर्मत गरी कृषि उत्पादनको प्रभावकारी भण्डारण सुनिश्चित गर्न र कृषि बजारको पूर्वाधारको विकासमा सहयोग गर्दै कृषि वस्तुको उत्पादनोपरान्तको क्षति घटाउने र कृषि बजारको प्रवर्द्धन गर्न देहायका प्रमुख क्रियाकलाप सञ्चालन गर्नु पर्नेछः-

(क) नयाँ संरचना निर्माण,

(ख) विगत आर्थिक वर्षमा निर्माण भई सञ्चालनमा आउन नसकेका पूर्वाधार मर्मत सम्भार तथा स-साना मेसिनरी पाटपुर्जा थप गरी सञ्चालनमा ल्याउने।

(२) उपदफा (१) बमोजिमका क्रियाकलाप सञ्चालन गर्न देहाय बमोजिमको अनुदान रकम उपलब्ध हुनेछः-

(क) नयाँ निर्माण गर्नुपर्ने भौतिक पूर्वाधारको हकमा समूह वा सहकारीको भएमा लागत अनुमानको अधिकतम सत्तरी प्रतिशत र कम्पनी वा फर्मको हकमा अधिकतम पचास प्रतिशत,

(ख) भौतिक पूर्वाधारको मर्मत सम्भारको लागि लागत अनुमानको पचास प्रतिशत रकम लाभग्राहीले व्यहोर्नु पर्ने।

(३) उपदफा (१) बमोजिमका क्रियाकलाप सञ्चालन गर्न देहाय बमोजिमका न्यूनतम मापदण्ड अवलम्बन गर्नु पर्नेछः-

(क) प्रमाणित वा स्वीकृत विस्तृत डिजाइन तथा लागत अनुमान गरिएको,

(ख) लाभग्राहीको नाममा जग्गाधनी प्रमाण पुर्जा भएको,

(ग) उत्पादन पकेट क्षेत्र वा बजार क्षेत्र वा पायक पर्ने उपयुक्त स्थान,

(घ) पाँचसय मेट्रिक टन वा सोभन्दा ठुला क्षमताका शीत भण्डारको लागि सम्भाव्यता अध्ययन प्रतिवेदन तथा स्वीकृत वातावरणीय प्रभाव सम्बन्धी अध्ययन प्रतिवेदन,

(ङ) शीत भण्डार सञ्चालनको लागि थ्री-फेज विद्युत तथा सडकको पहुँच पुगेको,

(च) स्थापना भई सञ्चालनमा आउन नसकेका र मर्मत गर्नुपर्ने भौतिक पूर्वाधार तथा पाटपुर्जा वा उपकरणको लागत अनुमान मर्मतको पुष्ट्याई भएको।

**३५. <u>रैथाने बाली तथा पशुपन्छी संरक्षण, सम्वर्द्धन र उपयोग कार्यक्रमः</u>** (१) स्थानीय जातका बाली तथा पशुपन्छीको स्व-स्थानमै वा अनुकूल हुने स्थानमा आनुवांशिक स्रोत संरक्षण गर्नुका साथै प्रवर्द्धन र उपयोग सम्बन्धी विशेष कार्यक्रम सञ्चालनको लागि देहायका न्यूनतम मापदण्ड पूरा गर्नु पर्नेछः-

(क) आयातित नस्लका पशुपन्छीको तुलनामा स्थानीय पशुपन्छीको सङ्ख्या उल्लेखनीय सङ्ख्यामा बढी भएको स्थानमा कार्यक्रम सञ्चालन गर्नु पर्ने,

(ख) एक क्लष्टरमा एउटा रैथाने बालीको लागि कम्तीमा चालिस रोपनी क्षेत्रफलमा खेती गर्नु पर्ने।

३६. **भकारो सुधार कार्यक्रमः** (१) पशु स्वास्थ्य सुधार गरेर स्वस्थ पशुजन्य उत्पादन वृद्धि, मूत्र सङ्कलनमार्फत प्राङ्गारिक उत्पादनमा वृद्धि, सुधारिएको छाना निर्माणबाट मलको खाद्य तत्व नोक्सानी घटाउने, र घर वरिपरिको वातावरण सफा राख्न देहाय बमोजिमका प्रमुख क्रियाकलाप सञ्चालन गर्नु पर्नेछः-

(क) सिमेन्टेड भकारो निर्माण,

(ख) घाम पानीबाट मलखादलाई बचाउन छानो हाल्ने,

(ग) मूत्र सङ्कलनका लागि ट्याङ्की निर्माण र ड्रम वितरण।

(२) उपदफा (१) बमोजिमको कार्यक्रमको बजेट र अधिकतम सीमा प्रति भकारो सुधारमा अधिकतम चालिस हजार रुपैयाँ अनुदान हुने र कम्तिमा पाँच वटा पशु वस्तु बस्ने गोठ हुनु पर्नेछ।

३७. **प्राङ्गारिक कृषि सम्बन्धी शोधपत्र अनुसन्धान सहयोग कार्यक्रमः** (१) कर्णाली प्रदेशको प्राङ्गारिक कृषि, प्रविधि र विकासका विविध पक्षमा कलेजका विद्यार्थीबाट कम लागतमा अनुसन्धानमा आधारित शोध पत्रमा सहयोग गर्न, प्राङ्गारिक कृषि, प्रविधि रकासमा देखिएका समस्याको अनुसन्धान गरी समस्याको पहिचान गर्ने र पृष्ठपोषण लिन प्रदेश सरकारको प्राङ्गारिक कृषि अभियानमा शैक्षिक संस्थालाई समेत संलग्न गरी देहायका प्रमुख क्रियाकलाप सञ्चालन गर्नु पर्नेछः-

(क) शोधपत्र अनुसन्धान कार्यको लागि बिषयवस्तु र क्षेत्रको यकिन गर्ने,

(ख) उत्कृष्ट अनुसन्धान कार्य तथा शोधपत्र तयारीको लागि सार्वजनिक सूचना गरी निवेदन माग गर्ने।

(२) उपदफा (१) बमोजिम सञ्चालन हुने कार्यक्रमको अनुदान रकम र अधिकतम सीमा देहाय बमोजिम हुनेछः-

(क) उच्च हिमाली जिल्ला (जुम्ला, हुम्ला, मुगु, कालीकोट र डोल्पा) मा अनुसन्धान गर्न अधिकतम एक लाख रुपैयाँ सम्म,

(ख) पहाडी जिल्ला (दैलेख, जाजरकोट, सल्यान, रूकुम पश्चिम र सुर्खेत) मा अनुसन्धान गर्न अधिकतम पचहत्तर हजार रुपैयाँ सम्म।

(३) उपदफा (१) बमोजिमको क्रियाकलाप सञ्चालन गर्न देहायको न्यूनतम मापदण्ड अवलम्बन गरेको हुनु पर्नेछः-

(क) स्नातक तह उत्तीर्ण गरेको प्रमाणपत्रको प्रतिलिपि तथा स्नातकोत्तर अध्ययनरत रहेको प्रमाण, (विद्यावारिधिको हकमा स्नातकोत्तर उत्तिर्ण गरेको प्रमाण पत्र र सोध पत्रको निवेदन),

(ख) अन्य स्रोतबाट सोधकार्यको लागि कुनै आर्थिक सहयोग प्राप्त नगरेको स्वघोषणा पत्र,

(ग) सोधपत्र मुख्य सल्लाहकारको सिफारिस पत्र,

(घ) सोधकार्य निवेदन स्वीकृत भएको बिषयमा सम्बन्धित विभाग, कलेज वा विश्वविद्यालयको सिफारिस पत्र,

(ङ) शोधपत्रको अन्तिम प्रतिवेदन स्वीकृत भएको सिफारिस (विद्यावारिधिको हकमा सोही आर्थिक वर्षमा निवेदनमा उल्लेख भएको अनुसन्धान कार्य सम्पन्न गरेको प्रमाण तथा विश्वविद्यालयको सिफारिस)।

(४) उपदफा (१) बमोजिमको क्रियाकलाप सञ्चालन प्रकृया देहाय बमोजिम हुनेछः-

(क) अनुसन्धान तथा शोध कार्यका लागि क्षेत्रहरु र छनौटका आधारहरु मापदण्डमा तोकिए बमोजिम हुने,

(ख) निवेदनको छनौट कार्य गर्ने,

(ग) अनुसन्धान तथा शोध कार्यको भुक्तानीको लागि निर्देशक समितिले सम्झौता बमोजिम कार्य भए नभएको एकिन गरी सिफारिस गर्नु पर्ने।

३८. **<u>प्राङ्गारिक तथा रैथाने कृषि तथा पशुपन्छी उपज बजारीकरण सहयोग कार्यक्रमः</u>** (१) प्राङ्गारिक कृषि उपजहरुको उत्पादन वृद्धि गरी



आन्तरिक मामिला तथा कानून मन्त्रालय

बजारीकरणमा टेवा पुऱ्याउन र छरिएर रहेका कृषि उपजहरुको संकलन गरी बजारीकरण गर्न सहकारी संस्था तथा बिक्रेतालाई प्रोत्साहित गर्न देहायका प्रमुख क्रियाकलाप सञ्चालन गर्नु पर्नेछः-

(क) कृषि उपज उत्पादन तथा बिक्री गर्ने सहकारीको छनौट,

(ख) कृषि उपजहरुको बिक्री बितरणको लागि आवश्यक पर्ने सामग्रीहरु (तौल मेसिन, प्लाष्टिक क्रेट, लेवलिङ तथा प्याकेजिङ सामग्रीहरु) को व्यवस्थापन,

(ग) मुल्यवान लोगो प्राप्त गर्ने बिक्रेताहरुलाई क्यूआर कोडको प्रयोग, स्टिकर तथा प्याकेजिङ सामाग्रीमा सहयोग, अनुज्ञा पत्र प्राप्तिमा सहयोग

(घ) कृषि उपजहरुको खरिद तथा बिक्री परिमाणको आधारमा प्रोत्साहन सहयोग उपलब्ध गराउने।

(२) उपदफा (१) बमोजिमको कार्यक्रम सञ्चालनका लागि अनुदान रकम र अधिकतम सीमा देहाय बमोजिम हुनेछः-

(क) सहकारी मार्फत कृषि उपजहरुको बिक्री परिमाणको आधारमा प्रति किलोग्राम पाँच रुपैंयाका दरले प्रति सहकारी अधिकतम रकम पाँच लाख रुपैयाँसम्म प्रोत्साहन सहयोग उपलब्ध गराउने,

(ख) सहकारीले प्राप्त गरेको प्रति किलोग्राम पाँच रुपैया प्रोत्साहन मध्ये प्रति किलोग्राम तीन रुपैयाँ जुन कृषकबाट किनेको सोही कृषकको खातामा उपलब्ध गराउने।

(३) उपदफा (१) बमोजिम सञ्चालन हुने कार्यक्रमको हकमा देहायको न्यूनतम मापदण्ड अवलम्बन गरेको हुनु पर्नेछः-

(क) कृषि उपजहरुको उत्पादन तथा बजारीकरणमा संलग्न सहकारी छनौट गर्ने,

(ख) छनौट भएको सहकारीले कृषि उपज उत्पादन गर्ने कृषकको संख्या र खरिद-बिक्री परिमाणको तथ्याङ्क राख्ने,

(ग) छनौट भएको सहकारीका पदाधिकारीहरुले रसायनिक मल तथा विषादी प्रयोग नगरि प्राङ्गारिक तथा जैबिक मल प्रयोग गरी स्वच्छ प्राङ्गारिक कृषि उपजहरुको बिक्री वितरण गरेको स्वघोषणा।

(४) उपदफा (१) बमोजिम सञ्चालन हुने कार्यक्रम सञ्चालन प्रक्रिया देहाय बमोजिम हुनेछः-

(क) कार्यालयले कृषि उपज बजारीकरण सहयोगका लागि कार्यालयले सूचना प्रवाहदेखि छनौट तथा सम्झौता कार्यविधि बमोजिम गर्ने,

(ख) छनौट भएको सहकारीले सहकारी मार्फत बिक्री गरिएको कृषि उपजहरुको परिमाण, बिक्रि गरिएको बजार तथा व्यापारीको नाम, कारोबारको बील भरपाई लगायतका विवरण राखि भुक्तानीको लागि कार्यालयमा पेस गर्ने,

(ग) सहकारी र कृषक बीचको खरिद बिक्रि परिमाण अनुसारको कारोबार बैंकिङ प्रणाली मार्फत भएको हुनु पर्ने,

(घ) किसानले विक्री गरेको परिमाणको आधारमा प्रतिकिलोग्राम तीन रुपैयाँ कृषकको बैंक खातामा भुक्तानी भएको प्रमाण समेत पेस गर्नु पर्ने,

(ङ) भूक्तानी माग गर्दा सहकारीले मापदण्ड बमोजिम कार्य गरेको भनी सहकारीको सञ्चालक समितिबाट निर्णय गराएको हुनुपर्ने,

(च) प्रोत्साहन प्राप्त गर्ने सहकारीले, उत्पादक कृषक र सहकारीले विक्री गर्ने व्यापारी दुवै पक्षसँग खरिद बिक्री सम्बन्धी छुट्टाछुट्टै सम्झौता गरेको हुनुपर्ने,

(छ) बजार व्यवस्थापन समितिलाई बजारीकरणको लागि आवश्यक सामाग्री (प्लाष्टिक क्रेट, डिजिटल तराजु) कार्यालयसँगको सम्झौता बमोजिम लागतको पचास प्रतिशत अनुदान उपलब्ध गराउन सकिने।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

३९. **प्राङ्गारिक अदुवा वेसार उत्पादन गर्ने कृषकहरुलाई बिक्री परिमाणको आधारमा प्रोत्साहन सहयोग कार्यक्रमः** (१) प्राङ्गारिक अदुवा र वेसार उत्पादन गर्ने कृषकलाई उत्पादन वृद्धि गर्न प्रोत्साहित गर्दै बजारीकरणमा सहयोग पुऱ्याउन देहाय बमोजिमका प्रमुख क्रियाकलाप सञ्चालन गर्नु पर्नेछः-

(क) प्राङ्गारिक अदुवा र बेसार उत्पादक कृषकहरुको सूचीकरण,

(ख) प्राङ्गारिक अदुवा र बेसार उत्पादन गरी बिक्री गरेको परिमाणमा प्रोत्साहन सहयोग।

(२) उपदफा (१) बमोजिम सञ्चालन हुने कार्यक्रमको अनुदान रकम र अधिकतम सीमा स्वीकृत बजेटको आधारमा प्राङ्गारिक अदुवा र बेसार उत्पादन गरी बिक्री गरेको परिमाणको आधारमा प्रति किलोग्राम अधिकतम दश रुपैयाँ प्रोत्साहन रकम उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको कार्यक्रम सञ्चालनको लागि न्यूनतम मापदण्ड देहाय बमोजिम हुनेछः-

(क) प्राङ्गारिक अदुवा र बेसार उत्पादक कृषकहरु प्राङ्गारिक उत्पादन तथा प्रमाणीकरणमा समावेश भएको हुनु पर्ने,

(ख) कृषकले उत्पादन गरेको अदुवा र बेसार तेस्रो पक्षबाट प्राङ्गारिक प्रमाणीकरण भएको हुनु पर्ने,

(ग) प्राङ्गारिक अदुवा र बेसार बिक्रेताले खरिद गरेको हुनु पर्ने,

(घ) खरिदकर्ताबाट कृषकको अदुवा प्राङ्गारिक प्रमाणीकरण भएको परिमाण तथा कृषकको नामको आधारमा कार्यक्रम हेर्ने प्राविधिकको सिफारिसमा भुक्तानी गर्न सकिने,

(ङ) कृषकले प्राङ्गारिक अदुवा र बेसार उत्पादन गरेको प्रमाण (कागजपत्र) पेस गर्नु पर्ने।

४०. **चक्लाबन्दी खेती प्रोत्साहन कार्यक्रमः** (१) खेतीयोग्य भूमिको अतिक्रमणबाट जोगाउँदै भूमिको जगेर्ना गर्न, जमिन बाँझो राख्ने र खण्डीकरण गर्ने प्रवृत्तिलाई निरुत्साहन गर्न र कृषि व्यावसायिकरणका



आन्तरिक मामिला तथा कानून मन्त्रालय

लागि यान्त्रिकीकरणमार्फत उत्पादकत्व वृद्धि गर्न देहाय बमोजिमका प्रमुख क्रियाकलाप सञ्चालन गर्नु पर्नेछः-

(क) जग्गा सम्याउने तथा प्लट सुधार,

(ख) कृषि उत्पादन क्रियाकलाप सञ्चालन,

(ग) पूर्वाधार निर्माण विकास (फर्म सडक, सिँचाई कुलो निर्माण तथा मर्मत, पोखरी, बोरिङ्ग, व्यवसाय अनुरूपका अन्य संरचना),

(घ) कृषि मेसिनरी र उपकरण खरिद।

(२) उपदफा (१) बमोजिम सञ्चालन हुने कार्यक्रमको अनुदान रकम र अधिकतम सीमा देहाय बमोजिम हुनेछः-

(क) कार्यक्रमको कुल लागतको बढीमा पचास प्रतिशत,

(ख) चक्लाबन्दी कार्यक्रम सञ्चालन गर्दा नियमावलीको नियम १० बमोजिम,

(ग) कृषि सिँचाईको हकमा अधिकतम पचासी प्रतिशतसम्म।

(३) उपदफा (१) बमोजिम सञ्चालन हुने कार्यक्रममा समूह, सहकारी, फर्म वा कम्पनी, समुदाय, समिति लाभग्राही हुनेछन्।

(४) उपदफा (१) बमोजिम सञ्चालन हुने कार्यक्रमको न्यूनतम मापदण्ड देहाय बमोजिम हुनेछः-

(क) उच्च पहाडमा कम्तीमा एक हेक्टर र अन्य क्षेत्रमा तीन हेक्टर क्षेत्रफलमा चक्लाबन्दीमा कृषि व्यवसाय सञ्चालन गर्नु पर्ने,

(ख) कृषि उत्पादन योग्य जमिन,

(ग) खेती योजना कम्तीमा पाँच वर्षसम्मको हुनुपर्ने,

(घ) स्थानीय तहको सिफारिस।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

४१. **<u>महिला सहकारी मार्फत उत्पादन तथा उद्यम प्रवर्द्धन कार्यक्रमः</u>** (१) सहकारी संस्थाका सदस्यलाई कृषि उत्पादनमा संलग्न गराउँदै उनीहरूको आय वृद्धि, महिलाको स्वरोजगारका अवसर सिर्जना गर्ने, तथा महिला सहकारीको प्रवर्द्धन तथा सशक्तीकरण गर्नका लागि देहायका प्रमुख क्रियाकलाप सञ्चालन गर्नु पर्नेछः-

(क) बाली, पशुपन्छी तथा मत्स्य पालन उत्पादन र बजारीकरण कार्यक्रम,

(ख) कृषि तथा पशुपन्छीजन्य साना एवम् मझौला घरेलु उद्योग।

(२) उपदफा (१) बमोजिम सञ्चालन हुने कार्यक्रमको अनुदान रकम र अधिकतम सीमाः व्यावसायिक योजनाको कूल लागतको सत्तरी प्रतिशतसम्म हुनेछ।

(३) उपदफा (१) बमोजिमका कार्यक्रम सञ्चालनको लागि न्यूनतम मापदण्ड देहाय बमोजिम हुनेछः-

(क) महिला सहकारी दर्ता भएको,

(ख) उत्पादन तथा उद्यम प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने उद्देश्य भएको प्रमाणपत्र,

(ग) सञ्चालक समितिबाट कार्यक्रम सञ्चालन गर्ने निर्णय भएको,

(घ) सहकारी तथा गरिवी सम्बन्धी व्यवस्थापन सूचना प्रणालीमा आबद्ध भएको।

४२. **<u>कृषि प्रविधि प्रदर्शनको लागि सामुदायिक सिकाई केन्द्र स्थापना तथा सञ्चालन कार्यक्रमः</u>** (१) कृषकहरुको सहभागीतामा प्राङ्गारिक तथा जलवायु उत्थानशिल प्रविधिहरुको नमूना प्रदर्शन मार्फत कृषि प्रविधिहरुको ज्ञान र सीप प्रदान गर्न देहायका क्रियाकलाप सञ्चालन गर्नु पर्नेछः-

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(क) सिकाई केन्द्रको लागि स्थानको छनोट तथा जग्गा धनिसँग सम्झौता,

(ख) जलवायु उत्थानशिल तथा प्राङ्गारिक कृषि प्रविधिको प्रदर्शन,

(ग) सिकाई केन्द्रमा स्थानीय तह तथा जिल्लास्थित कृषक तथा कर्मचारीलाई प्रविधिको अवलोकन,

(घ) प्रविधि प्रदर्शनको लागि सामग्रीको व्यवस्थापन,

(ङ) सिकाई केन्द्रमा सिचाई, घेरवार लगायतका आवश्यक पूर्वाधार निर्माण,

(च) प्रविधि प्रदर्शन तथा सिकाईका लागि आवश्यक अन्य क्रियाकलाप।

(२) उपदफा (१) बमोजिम सञ्चालन हुने कार्यक्रमको अनुदान रकम र अधिकतम सिमा स्थानीय दररेट तथा विनियोजित बजेटको परिधभित्र रही अनुसुची-२२ बमोजिमका कार्यका लागि खर्च गर्न सकिनेछ।

(३) उपदफा (१) बमोजिम सञ्चालन हुने कार्यक्रमको कार्यक्रम सञ्चालन प्रक्रिया र मादपण्ड देहाय बमोजिम हुनेछः-

(क) समूह वा सहकारी संस्थाका सदस्यहरु वा प्राविधिक शिक्षालयको एउटै स्थानमा कम्तीमा पाँच रोपनी जग्गा लिने,

(ख) सिकाइ केन्द्रको जग्गा छनोट गर्दा सडक, बिजुली, सिचाईको स्रोत लगायत अन्य पूर्वाधार भएको हुनु पर्ने,

(ग) सिकाइ केन्द्र सञ्चालन हुने स्थानमा जग्गा धनिले गाई भैंसी पालन गरेको हुनु पर्ने,

(घ) उक्त जग्गामा कृषि प्रविधिहरुको प्रदर्शन गर्नको लागि लाग्ने श्रमिकको खर्च व्यवस्थापन जग्गाधनी कृषकहरु स्वंयमले व्यहोर्ने सम्झौता गर्ने,

(ङ) सिकाई केन्द्रमा कृषि प्रविधिहरुको प्रदर्शनको लागि आवश्यक पर्ने सामग्रीहरु बीउ, जैविक मल र विषादी, पाइप, स्प्रीङ्कलर, आई.पी.एम. प्रविधिका सामग्रीहरु लगायत अन्य सामग्रीहरुको खर्च व्यवस्थापन कार्यालयबाट गर्ने,

(च) सिकाइ केन्द्रमा आवश्यक पर्ने मध्यम तथा ठुला भौतिक पूर्वाधारहरु जस्तै, सिंचाई पोखरी, टहरा, सिँचाई पम्प, पलास्टिक घर लगायतका क्रियाकलपमा पचास प्रतिशत साझेदारी सम्बन्धित जग्गाधनी कृषकहरुले व्यहोर्ने गरी सम्झौता गर्ने,

तर सिकाई केन्द्रमा पक्की घर वा कोठा निर्माण गरिने छैन।

(छ) प्राविधिक कर्मचारीले प्रविधिको अध्ययन, अवलोकन तथा तालिम जस्ता क्रियाकलाप सिकाइ केन्द्रमा सञ्चालन गर्नु पर्ने र प्रविधिहरुको प्रदर्शनबाट उत्पादित कृषि उपजहरु जग्गाधनी कृषकहरुको हुने,

(ज) सिकाइ केन्द्रमा प्रविधिहरुको प्रदर्शनमा लाग्ने कृषि सामग्रीहरु बीउ, मल, विषादी, पाइप, स्प्रीङ्कलर, आइपीएमका सामग्री आदिको खर्चमा तीन बर्षसम्म निशुल्क हुने र सिकाइ केन्द्रको चौथो बर्षबाट कृषि सामग्रीहरुको लागतमा पच्चिस प्रतिशत कार्यालयको साझेदारी हुनेगरी पाँच बर्षसम्मको लागि सञ्चालन सम्झौता गर्नु पर्ने,

(झ) सिकाइ केन्द्र स्थापना तथा सञ्चालनको लागि स्थानीय तह र गैर सरकारी संघ संस्थासँगको समन्वय गर्न सकिने।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

४३. **<u>व्याज अनुदान कार्यक्रमः</u>** (१) व्यावसायिक कृषक तथा कृषि उद्यमीलाई कृषि ऋणको व्याजमा अनुदान कार्यक्रम सञ्चालन गरेर कृषि, पशुपन्छी तथा मत्स्य व्यवसायलाई प्रवर्द्धन गरी रोजगारी वृद्धि र जीवनस्तर सुधार गर्न देहायका प्रमुख क्रियाकलाप सञ्चालन गर्नु पर्नेछः-

(क) बैंक तथा वित्तीय संस्था र बचत तथा ऋण सहकारी संस्था मार्फत कृषि व्यवसायको लागि लगानी भएको कृषि ऋणमा व्याज अनुदान उपलब्ध गराउने,

(ख) कार्यक्रम व्यवस्थापनको लागि मन्त्रालय वा कार्यालयले वार्षिक एक सय भन्दा बढी ऋणिको तथ्याङ्क व्यवस्थापन तथा अनुगमन गर्नुपर्ने अवस्थामा यसै कार्यक्रमबाट तलब भत्ता व्यहोर्ने गरी एक जनालाई परामर्श सेवामा लिई काम लगाउन सकिने,

(ग) खण्ड (ख) बमोजिमको परामर्श सेवा खरिद गर्दा मन्त्रालयले कार्यक्षेत्रगत सर्त स्वीकृत गरी सोही बमोजिम गर्नुपर्ने।

(२) बैंक तथा वित्तीय संस्था मार्फत लगानी भएको ऋणमा व्याज अनुदान कार्यक्रम सञ्चालन प्रक्रिया देहाय बमोजिम हुनेछः-

(क) कृषि व्यवसायीले तयार गरेको व्यावसायिक योजना सम्बन्धित कार्यालयबाट प्राविधिक दृष्टिकोणले उपयुक्त हुने विषयमा सिफारिस लिनुपर्ने,

(ख) कृषि व्यवसायीले बैंक तथा वित्तीय संस्थासँग समन्वय गरी कृषि ऋणको प्रक्रिया बढाउनु पर्ने,

(ग) ब्याज अनुदान कार्यक्रममा सहभागी हुने बैंक तथा वित्तीय संस्थाले मन्त्रालयसँग सम्झौता गर्नु पर्ने,

(घ) बैंक तथा वित्तीय संस्थाले सम्पूर्ण कागजातको अध्ययन पश्चात ऋण प्राप्त गर्न योग्य व्यवसायिलाई ऋण उपलब्ध गराउदा व्यावसायिक योजना अनुसार अवधि ऋणमा मात्र व्याज अनुदान उपलब्ध हुने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(ङ) बैंक तथा वित्तीय संस्थाले ऋण स्वीकृती सम्बन्धी कागजपत्र (कर्जाको प्रकार, ऋण रकमको परिमाण, व्यवसायको प्रकृति, सम्झौता, बीमा र व्यावसायिक योजना) मन्त्रालय वा कार्यालयमा पेस गर्नु पर्ने,

(च) कर्जा भुक्तानी प्रयोजनका लागि बैंक तथा वित्तीय संस्थाले भुक्तानी, प्रतिफलको अवधि र जोखिमस्तरका आधारमा कर्जा भुक्तानी किस्ता दर निर्धारण गर्न सक्ने,

(छ) बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कर्जामा व्यवसायीले बीमा गरेको हुनु पर्ने,

(ज) बैंक तथा वित्तीय संस्थाबाट ऋण प्राप्त हुने प्रक्रिया सम्बन्धित बैंकको प्रक्रिया अनुसार हुने।

(३) बैंक तथा वित्तीय संस्थाले ऋणीलाई कर्जा उपलब्ध गराउँदा देहाय बमोजिमको किस्तामा उपलब्ध गराउनु पर्नेछः-

(क) दश लाख रुपैयाँदेखि पचास लाख रुपैयाँसम्मको स्वीकृत कर्जालाई पचास प्रतिशतका दरले व्यवसाय स्थापना तथा सञ्चालनको अवस्था अनुसार कम्तीमा दुई महिना अवधि राखी दुई किस्तामा उपलब्ध गराइने,

(ख) पचास लाख रुपैंयाभन्दा माथि स्वीकृत कर्जालाई पच्चीस प्रतिशत, पचास प्रतिशत र पच्चीस प्रतिशत गरी तीन किस्तामा कम्तिमा दुई दुई महिनाको फरकमा व्यवसायको कार्य प्रगतिको आधारमा ऋण परिचालन गर्ने,

(ग) बैंक तथा कार्यालयले आवश्यकता अनुसार संयुक्त अनुगमन गरेर ऋणको किस्ता परिचालन गर्नु पर्ने।

(४) बचत तथा ऋण सहकारी संस्थाबाट लगानी भएको ऋणमा व्याज अनुदान कार्यक्रम सञ्चालन प्रक्रिया देहाय बमोजिम हुनेछः-

(क) कार्यालयबाट अनुसूची-२३ बमोजिमको विवरण तथा कागजातहरु पेस गर्ने गरी तीस दिन समयावधिको स्थानीय

पत्रिकामार्फत सहभागी हुन बचत तथा ऋण सहकारी संस्थाको लागि सार्वजनिक सूचना प्रकाशन गर्ने,

(ख) प्रकाशित सूचनाको म्यादभित्र अनुसूची-२३ बमोजिमको ढाँचामा उल्लिखित कागजपत्र र विवरण सहित सम्बन्धित कार्यालयमा बचत तथा ऋण सहकारी संस्थाले दरखास्त दिनुपर्ने,

(ग) कार्यालयले अनुसूची–२४ बमोजिमको छनौटका आधारमा स्थलगत अनुगमन गरी कार्यालयमा प्रतिवेदन पेस गर्नु पर्ने,

(घ) खण्ड (ग) बमोजिमको प्रतिवेदनको आधारमा कार्यक्रम सञ्चालन समितिले बचत तथा ऋण सहकारी संस्था छनौट गर्ने।

(५) बचत तथा ऋण सहकारी संस्थाले देहाय बमोजिमको आधारमा कृषकलाई ऋण प्रवाह गर्नु पर्नेछः-

(क) संस्थाको सदस्य भई कम्तीमा तीन महिनादेखि नियमित बचत गरिरहेको,

(ख) विगतमा संस्थाबाट ऋण लिएको भए निर्धारित समयमै साँवा व्याज चुक्ता गरेको,

(ग) एक पटक व्याज अनुदान प्राप्त गरेको भए तीन वर्ष पूरा भएको,

(घ) संस्थाको विनियम तथा ऋण नीतिमा व्यवस्था भएबमोजिमका अन्य आधारहरु अवलम्बन गर्ने,

(ङ) साधारण सभावाट अनुमोदन गराउने गरी सञ्चालक समितिको निर्णयबाट व्याज अनुदान कार्यक्रममा सहभागी भएका सहकारी संस्थाले व्याज अनुदान कार्यक्रममा सहभागी भएको विषय लगत्तै बस्ने साधारण सभाबाट अनिवार्य रुपमा अनुमोदन गराई सोको प्रमाण पेस गर्नु पर्ने,

(च) कृषि व्यवसायीले तयार गरी पेस गरेको व्यावसायिक योजना प्राविधिक दृष्टिकोणले उपयुक्त हुने विषयमा सम्बन्धित

स्थानीय तहको कृषि वा पशुपन्छी विकास शाखाबाट सिफारिस लिएको।

(६) उपदफा (१) बमोजिम सञ्चालन हुने कार्यक्रमको बैंक तथा वित्तीय संस्था र बचत तथा ऋण सहकारी संस्थाबाट अनुदानग्राहीले ऋण प्राप्त गर्नका लागि आवश्यक न्यूनतम मापदण्ड देहाय बमोजिम हुनेछः-

(क) प्रचलित कानून बमोजिम व्यवसायको दर्ता भएको प्रमाणपत्र,

(ख) उद्यम संचालन तथा कर्जा उपयोग सम्बन्धी विस्तृत परियोजना सहित निवेदन पेस गरेको हुनुपर्ने,

(ग) कर्जा सूचना केन्द्रको कालोसूचीमा नपरेको हुनुपर्ने,

(घ) बैंक तथा वित्तीय संस्था र सहकारी संस्थाले तोके बमोजिमका अन्य कागजपत्र,

(ङ) सहकारी मार्फत ऋण उपलब्ध गराउँदा सदस्यहरुलाई ऋण उपलब्ध गराउने सञ्चालक समितिको निर्णय।

(७) उपदफा (१) बमोजिम सञ्चालन हुने कार्यक्रमको बैंक तथा वित्तीय संस्था र बचत तथा ऋण सहकारी संस्था मार्फत लगानी भएको कृषि ऋणको व्याजमा अनुदान भुक्तानी प्रक्रिया देहाय बमोजिम हुनेछः-

(क) कर्जाको ब्याज अनुदान प्राप्त गर्न कर्जा उपयोगको आधारमा ऋणीले नियमानुसार भुक्तानी गर्नुपर्ने कर्जा रकम र ऋणीले तिर्नु पर्ने व्याज रकम भुक्तानी गरेको प्रमाण सहित त्रैमासिक रुपमा अनुसूची-२५ अनुसारको ढाँचामा बैंक तथा वित्तीय संस्थाले मन्त्रालयमा र सहकारी संस्थाले सम्बन्धित कार्यालयमा निवेदन दिनु पर्ने,

(ख) बैंक तथा वित्तीय संस्था र बचत तथा ऋण सहकारी संस्थाले ब्याज अनुदान भुक्तानीको लागि ऋणीहरुको विवरण अनुसूची-२६ बमोजिमको ढाँचामा पेस गर्नु पर्ने,

(ग) बैंक तथा वित्तीय संस्था र सहकारी संस्थाले ब्याज अनुदान भुक्तानीको लागि अनुसूची-२७ बमोजिमको ढाँचामा कर्जा नियमित नभएका व्यवसायीको विवरण पेस गर्नु पर्ने,

(घ) नियमावलीको नियम २५ को अनुगमन तथा मूल्याङ्कन समितिले यस कार्यविधिको अनुसूचि-२८ बमोजिमको अनुगमन प्रतिवेदन त्रैमासिक रुपमा तयार गरी व्यवसायको अनुगमन गर्दा व्यावसायिक योजना बमोजिम लगानी गरेको ऋण रकमको मात्र नियमानुसार हुन आउने ब्याज अनुदान सम्बन्धित बैंक तथा वित्तीय संस्था र सहकारी संस्था मार्फत भुक्तानी गरिने,

(ङ) कुनै कारणले ऋणीले ऋण प्रयोजनको लागि स्वीकृत व्यावसायिक योजना परिवर्तन गर्नु पर्ने भए, सम्बन्धित कार्यालय र बैंक तथा वित्तीय संस्था वा बचत तथा ऋण सहकारी संस्थाको स्वीकृत लिई परिवर्तन गरेको अवस्थामा मात्र ब्याज अनुदान भुक्तानी हुने,

(च) खण्ड (ङ) बमोजिम प्राप्त अनुगमन तथा मूल्याङ्कन प्रतिवदेन ऋणीले उपयोग गरेको ऋणको साँवा क्रमश घट्दै गएको र नियमित व्यवसाय सञ्चालन गरेमा ऋणको व्याज अनुदान भुक्तानीको लागि योग्य हुने,

(छ) व्याज अनुदान कार्यक्रममा सहभागी बैंक तथा वित्तीय संस्था र बचत तथा ऋण सहकारी संस्थाले अनुसूची-२९ बमोजिमको कर्जाको प्रतिवेदन तयार गरी त्रैमासिक अवधिमा पेस गर्नु पर्ने।

(८) ऋणीले ब्योहोर्ने बैंक तथा वित्तीय संस्था र बचत तथा ऋण सहकारी संस्थाबाट निर्धारण गरिएको साँवा र व्याज तोकिएको समयमा भुक्तानी नगरेमा जुनसुकै समयमा मन्त्रालय वा कार्यालयले उपलब्ध गराउने व्याज अनुदान रोक्का गर्नेछ।

४४. **पशुपन्छी सङ्क्रामक रोग पहिचान, नियन्त्रण, रोकथाम र पूर्व तयारी सम्बन्धी कार्यक्रमः** (१) नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट जारी गरिएको "पशु स्वास्थ्य कार्यक्रम कार्यन्वयन कार्यविधि, २०७५" बमोजिम खोप लगाउँदा, भ्याक्सिनेटरलाई पारिश्रमिक दिइनेछ।

(२) पशुपन्छी सङ्क्रामक रोग पहिचान, नियन्त्रण, रोकथाम र पूर्व तयारी सम्बन्धी कार्यक्रम कार्यान्वयन प्रक्रिया देहाय बमोजिम हुनेछः-

(क) भ्याक्सिन कार्यक्रम सञ्चालन गर्नु अघि सम्बन्धित वडा कार्यालय तथा पशुसेवा शाखामा जानकारी गराउनु पर्ने,

(ख) भ्याक्सिनेटरको पारिश्रमिक भुक्तानी गर्नु अगाडी सम्बन्धित वडा कार्यालय र पशुसेवा शाखाको सिफारिस आवश्यक,

(ग) भ्याक्सिनको तथ्याङ्क निर्देशनालय र मन्त्रालयमा मासिक रुपमा प्रतिवेदन पेस गर्नु पर्ने,

(घ) कार्यक्रमसँग सम्बन्धित अन्य कार्यहरु नेपाल सरकारको "पशु स्वास्थ्य कार्यक्रम कार्यन्वयन कार्यविधि, २०७५" बमोजिम हुने।

(३) पशुपन्छी सङ्क्रामक रोग पहिचान, नियन्त्रण, रोकथाम र पूर्व तयारी सम्बन्धी कार्यक्रमको न्यूनतम मापदण्ड देहाय बमोजिम अवलम्बन गर्नु पर्नेछः-

(क) स्थानीय तहबाट पकेट सञ्चालन भएका स्थानमा लाभान्वित समुदायको क्षमता अनुसार ब्लकमा जाने र प्रदेशको ब्लक कार्यक्रम समेत सोही समुदायमा लैजान प्राथमिकता दिने,

(ख) समूह वा सहकारी मार्फत ब्लकको मापदण्ड पुग्ने भएमा सोही अनुसार र ब्लक सञ्चालन गरिने स्थानमा व्यावसायिक कृषि फर्म भएमा सहकारी वा समूहमा आबद्ध गरी वा कार्यक्रममा लाभान्वित वर्गको रूपमा समावेश गरी कार्यक्रम सञ्चालन गर्ने।

४५. **भेडा वा चौरी पालक कृषकलाई प्रोत्साहन सहयोग कार्यक्रमः** (१) भेडा वा चौंरी पालक कृषकको व्यवसायलाई निरन्तरता दिन सहजीकरण गर्नका लागि देहाय बमोजिम क्रियाकलाप सञ्चालन गर्नु पर्नेछः-

(क) पचास भन्दा बढी भेडा वा दश भन्दा बढी चौरी पालन गर्ने कृषकको सूचीकरण तथा विवरण अद्यावधिक गर्ने,

(ख) खण्ड (क) बमोजिमका कृषकहरूलाई मासिक एक हजार पाँचसय रुपैयाँका दरले बाह्र महिनाको कुल हुन आउने रकमलाई दुई किस्तामा कृषकको बैंक खातामा भुक्तानी गर्ने।

(२) उपदफा (१) बमोजिम सञ्चालन हुने कार्यक्रमको न्यूनतम मापदण्ड देहाय बमोजिम हुनेछः-

(क) पचास भन्दा बढी भेडा वा दशभन्दा बढी बयस्क चौंरी पालन गरेको कृषक,

(ख) बैंक खाता खोलेको हुनुपर्ने,

(ग) भेडा वा चौंरी पालन व्यवसायलाई निरन्तरता दिनुपर्ने,

(घ) स्थानीय तहको सिफारिस हुनुपर्ने।

४६. **पशु स्वास्थ्य शिविर सञ्चालन कार्यक्रमः** (१) नियमित सेवाको पहुँचभन्दा टाढा रहेको कृषक तथा उद्यमीहरुलाइ पशु स्वास्थ्य सेवा उपलब्ध गराउन, पशुपन्छीको रोग निदान, उपचार र रोग नियन्त्रणामा सहयोग पुऱ्याउन र पशु स्वास्थ्य तथा भेटेरीनरी जनस्वास्थ्य सम्बन्धी जनचेतना अभिवृद्धि गर्न देहायका क्रियाकलाप सञ्चालन गर्नु पर्नेछः-

(क) पशु स्वास्थ्य शिविर सम्बन्धी प्रचार प्रसार,

(ख) औषधि तथा खोप सेवा सञ्चालन,

(ग) बाँझोपन पहिचान तथा उपचार सेवा,

(घ) अस्थाई ट्रेविज निर्माण,

(ङ) पशु बन्ध्याकरण, माईनर सर्जिकल उपचार लगायत अन्य सेवा।

(२) उपदफा (१) बमोजिम सञ्चालन हुने कार्यक्रमको अनुदान रकम र अधिकतम सिमा देहाय बमोजिम हुनेछः-

(क) प्रति शिविर सञ्चालन तथा व्यवस्थापन रकम अधिकतम दुईलाख रुपैयाँसम्म र वार्षीक रुपमा एक जिल्लामा बढीमा चार वटा शिविर,

(ख) निशुल्क सेवा प्रवाह गर्ने।

(३) उपदफा (१) बमोजिम सञ्चालन हुने कार्यक्रमको न्यूनतम मापदण्ड र प्रक्रिया देहाय बमोजिम हुनेछः-

(क) पशुस्वास्थ्य शिविर सञ्चालन गर्नुपूर्व सेवाको पहुँच तथा आवश्यकताको आधारमा स्थानीय तहसँगको समन्वयमा शिविर सञ्चालन गर्ने स्थानको छनौट गर्ने,

(ख) शिविर सञ्चालनको मिति, स्थान र समयको निर्धारण गरी मन्त्रालयलाई अनिवार्य जानकारी गराउनु पर्ने,

(ग) शिविर सञ्चालन हुनुभन्दा एक हप्ता अगाडी सञ्चार माध्ययमबाट प्रचार प्रसार गर्नु पर्ने,

(घ) शिविरका लागि आवश्यक पर्ने विशेषज्ञ सहितको टोली, औषधि, खोप तथा अन्य सामग्रीको व्यवस्थापन गर्ने।

४७. **<u>मत्स्य व्यवसाय प्रवर्द्धन कार्यक्रमः</u>** (१) स्वच्छ र गुणस्तरीय माछा तथा मत्स्यजन्य पदार्थको उत्पादन, प्रशोधन र विविधीकरणमा सघाउ पुऱ्याउँदै व्यवसायीकरण मार्फत जलचर संरक्षणलाई प्रवर्द्धन गर्दै कृषकहरूको आयमा वृद्धि तथा पोषणमा सुधार ल्याउन देहायका क्रियाकलाप सञ्चालन गर्नु पर्नेछः-

(क) नयाँ पोखरी तथा नर्सरी निर्माण तथा सुधार,

(ख) भुरा तथा भुरा ढुवानीमा सहयोग,

(ग) उत्पादन सामग्रीमा सहयोग (एरिएटर, जाल, पम्प)।

(२) उपदफा (१) बमोजिम सञ्चालन हुने कार्यक्रमको अनुदान रकम सामाग्रीको हकमा लागत अनुमानको पचास प्रतिशत सम्म र पोखरी निर्माणको हकमा प्रति रोपनी जलाशयको क्षेत्रफल भएको पोखरी निर्माणका लागि अधिकतम तीस हजार रुपैयाँ उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम हुने कार्यक्रम सञ्चालनको न्यूनतम मापदण्ड देहाय बमोजिम हुनेछः-

(क) कार्प तथा अन्य प्रचलित प्रजातिको मत्स्य व्यवसायलाई कम्तीमा पाँच वर्ष र रेन्वो ट्राउट वा असला माछाका लागि दश वर्ष अनिवार्य व्यवसाय गर्ने प्रतिबद्धता-पत्र पेस भएको हुनुपर्ने,

(ख) करेसाबारी मत्स्य पोखरीका लागि दुई सय वर्ग मिटर जलाशय भएको पोखरी निर्माण गर्नुपर्ने,

(ग) ठूला मत्स्य व्यावसायिक फर्म अन्तर्गत कार्प प्रजातीको मत्स्य पालनको हकमा एक हेक्टर र चिसो पानीको मत्स्य पालनको हकमा आधा हेक्टर भन्दा माथिको जमिनमा मत्स्य पालन गर्नु पर्ने।

४८. <u>**कृषक पाठशाला सञ्चालन (स्याउ/सुन्तला/अदुवा/कम्पोष्ट मल) कार्यक्रमः**</u> (१) कृषकहरुलाई प्राङ्गारिक वा स्वस्थ बाली उत्पादन प्रविधी सम्बन्धी ज्ञान, सीप प्रदान गर्न कृषकहरुको सहभागितामा प्रविधिको परीक्षण तथा सिकाई प्रवर्द्धन गर्न देहायका प्रमुख क्रियाकलाप सञ्चालन गर्नु पर्नेछः-

(क) पाठशाला सञ्चालन गर्ने स्थान, कृषक छनौट र समूह गठन,

(ख) पाठशाला सञ्चालनको लागि आवश्यक सामग्रीहरुको व्यवस्थापन,

(ग) पाठशाला सञ्चालनमा विषयगत प्राविधिक तालिमहरु सञ्चालन,

(घ) बालीहरुको पाठशाला सञ्चालन।

(२) उपदफा (१) बमोजिम सञ्चालन हुने कार्यक्रमको रकम मन्त्रालयले बार्षिक रुपमा स्वीकृत गरे बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम सञ्चालन हुने कार्यक्रमको न्यूनतम मापदण्ड देहाय बमोजिम हुनेछः-

(क) पाठशाला सञ्चालनको लागि कृषक पाठशाला संचालन सहजकर्ता तालिम प्राप्त प्राविधिक वा कृषक सहजकर्ताहरुलाई पुनर्ताजगी तालिम दिई पाठशाला सञ्चालन गर्ने,

(ख) कृषक पाठशाला सञ्चालनको पाठ्यक्रम र कार्ययोजना मन्त्रालयले स्वीकृत गरे बमोजिम हुने।

## परिच्छेद-५
## विविध

४९. **अन्यत्र खर्च गर्न नपाइने:** (१) यस कार्यविधि बमोजिम वितरण भएको अनुदान रकम सम्बन्धित कार्यमा प्रयोग नगरी अन्यत्र खर्च गर्न वा हिनामिना गर्न पाइने छैन।

(२) उपदफा (१) विपरीत अनुदान रकम अन्यत्र खर्च वा हिनामिना गरी दुरूपयोग भएको प्रमाणित भएमा सम्बन्धित कार्यालयले सम्बन्धित पक्षबाट प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असुल उपर गराई सोको जानकारी मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा दिइनेछ।

(३) झुट्टा विवरण पेस गरी अनुदान लिने वा सम्झौता बमोजिम काम नगर्ने वा अनुदानमा दिइएको सामग्री वा रकमको हिनामिना वा

दुरूपयोग गर्ने अनुदानग्राहीलाई मन्त्रालय वा अन्तर्गतका निकायबाट भविष्यमा कुनैपनि अनुदान उपलब्ध गराइने छैन र त्यस्तो अनुदानग्राहीको नामनामेसी समेत सार्वजनिक गरिनेछ।

५०. **अनुगमन तथा मूल्याङ्कनः** (१) यस कार्यविधि बमोजिम सञ्चालन हुने प्रत्येक कार्यक्रममा कार्यालय प्रमुखले सम्बन्धित शाखा वा सम्बन्धित विषयका प्राविधिक कर्मचारीलाई जिम्मेवारी तोक्नु पर्नेछ। कार्यक्रमको समग्र अनुगमन र कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु सम्बन्धित शाखा र जिम्मेवारी तोकिएको प्राविधिक कर्मचारीको दायित्व हुनेछ।

(२) जिल्ला समन्वय समितिको प्रमुखको संयोजकत्वमा जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि, सम्बन्धित स्थानीय तहको उपप्रमुख वा उपाध्यक्ष, सम्बन्धित कार्यालयको प्रमुख, सरोकारवाला निकायका प्रतिनिधि र आवश्यकता अनुसार विषय विज्ञको सहभागीतामा कार्यालयले अनुगमन समिति गठन गरि कार्यक्रमको अनुगमन तथा सहजीकरण गर्न सक्नेछ। त्यस्तो अनुगमन समितिमा प्रदेश सभाका सदस्यलाई समेत आमन्त्रण गर्न सकिनेछ।

(३) कार्यालयले स्वीकृत कार्यक्रमहरुको प्रगति विवरणको अभिलेख कार्यालयमा राखी निर्देशनालय र मन्त्रालयमा मासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिक रुपमा प्रगती प्रतिवेदन पेस गर्नु पर्नेछ।

(४) कार्यक्रमको कार्यान्वयन, सञ्चालन तथा भुक्तानीको अनुगमन तथा मूल्याङ्कन आवश्यकतानुसार सम्बन्धित कार्यालय, निर्देशनालय, विषयगत मन्त्रालय, कर्णाली प्रदेश योजना आयोग र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट हुन सक्नेछ।

५१. **कृषि प्रसार शैक्षिक तरिका अन्तर्गतका कार्यक्रम संचालनः** कृषि प्रसार कार्यक्रम (तालिम, उत्पादन प्रदर्शन, तरिका प्रदर्शन, नतिजा प्रदर्शन, नमुना प्रदर्शन, प्रविधि प्रदर्शन, मेशिनरी प्रदर्शन, मिनिकिट, अध्ययन अनुसन्धान, कृषि, पशुपन्छी तथा मत्स्य तथ्यांक, बाली कटानी, जातिय परीक्षण, पाठशाला, भ्रमण, कृषि मेला प्रदर्शनी, कृषि प्रविधि सामाग्री, माटो शिविर, बाली उपचार शिविर, पशुपन्छी उपचार शिविर, पशु खोप, रोग

कीरा नियन्त्रण अभियान, अन्य अभियान कार्यक्रम, दिवस, आकस्मिक बाली संरक्षण सेवा) सञ्चालन गर्दा सतप्रतिशत लागत कार्यालयले व्यहोर्नु पर्नेछ।

**५२. <u>बीमा गर्नु पर्नेः</u>** (१) अनुदानग्राहीले अनुदान मार्फत प्राप्त गरेको कार्यक्रमको बीमालेख जारी भएको हकमा कृषि पशुपन्छी तथा जडीबुटी निर्देशिका, २०७९ बमोजिम बीमा गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुदानग्राहीले बीमा नगरेको अवस्थामा त्यस्तो व्यवसाय तथा पूर्वाधारमा क्षति पुग्न गएमा सोको जिम्मेवार अनुदानग्राही स्वयं हुनु पर्नेछ।

**५३. <u>दोहोरो सुविधा लिन नपाउने</u>ः** (१) अनुदानग्राहीले एउटै कामका लागि एकभन्दा बढी निकायबाट अनुदान प्राप्त गर्न सक्ने छैनन्।

(२) एक अनुदानग्राहीले एक आर्थिक वर्षमा कार्यालयबाट एक कार्यक्रमका लागि मात्र अनुदान प्राप्त गर्न सक्नेछ।

तर कृषि ऋणको व्याज, उत्पादनमा आधारित प्रोत्साहन, भेडा र चौरीपालक कृषकलाई औषधि उपचार खर्च, बिद्युत महशुल, फलफूल बगैचा व्यवस्थापन कार्यक्रम र जग्गा भाडामा अनुदान दिन बाधा पर्ने छैन।

(३) विगतमा अनुदान प्राप्त गरेको अनुदानग्राही तीन आर्थिक वर्षसम्म सोही प्रकृतिको कामका लागि अनुदान प्राप्त गर्न योग्य हुने छैनन्।

तर व्यवसाय क्षेत्र विस्तार वा नवीनतम प्रविधिको प्रयोग वा व्यवसाय विविधीकरण गर्न औचित्यता खुलाई निर्देशक समिति वा कार्यसञ्चालन समितिले निर्णय गरेमा अनुदान प्रदान गर्न बाधा पर्ने छैन।

**५४. <u>होर्डिङ्ग बोर्ड राख्नुपर्नेः</u>** दफा १० बमोजिम सम्झौतामा उल्लेख भएका मुख्य-मुख्य विवरण बमोजिम अनुदानग्राहीले कार्यक्रम कार्यान्वयन स्थलमा अनुदान प्रदान गर्ने कार्यालय, अनुदान रकम, स्वलगानी,

व्यवसायको आकार लगायतका कुरा उल्लेख गरी जानकारीमूलक होर्डिङ्ग बोर्ड राख्नु पर्नेछ।

**५५. गुनासो व्यवस्थापनः** (१) अनुदानग्राहीले अनुदान प्राप्तिका क्रममा कुनै गुनासो भएमा अनुदान उपलब्ध गराउने सम्बन्धित कार्यालय प्रमुख समक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुदानग्राहीबाट कुनै गुनासो प्राप्त भएमा सम्बन्धित कार्यालय प्रमुखले त्यस्तो गुनासो प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निरूपण गर्नु पर्नेछ।।

(३) उपदफा (२) बमोजिम भएको गुनासोको निरूपण उपर चित्त नबुझेमा अनुदानग्राहीले मन्त्रालयको सचिव समक्ष पुनरावलोकनको लागि निवेदन दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम परेको निवेदन उपर मन्त्रालयको सचिवले निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र त्यस्तो गुनासोको अन्तिम किनारा लगाउनु पर्नेछ।

**५६. सहुलियत दरमा सेवा उपलब्ध गराउनु पर्नेः** यस कार्यविधि बमोजिम कोल्ड स्टोर, ढुवानी सेवा, कृषिजन्य उद्योग स्थापना, कस्टम हायरिङ्ग सेन्टर र स्रोत केन्द्र सञ्चालन गर्न अनुदान प्राप्त गरेका अनुदानग्राहीले सेवाग्राहीलाई सहुलियत दरमा सेवा उपलब्ध गराउनु पर्ने।

**५७. सम्झौता बमोजिम हुनेः** (१) यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रम बमोजिमका सम्बन्धमा क्रियाकलाप र पूर्वाधारको प्रयोग सम्झौतामा शर्त उल्लेख गरी गर्नु पर्नेछ र कार्यक्रम सञ्चालन गर्ने निकायको पूर्व स्वीकृति बिना सम्झौतामा उल्लिखित अवधिमा कुनै फेरबदल, संरचनाको परिवर्तन वा बिक्री वितरण गर्न पाइने छैन।

(२) कुनै विशेष कारणवश वा काबूबाहिरको परिस्थिति बाहेक अनुदानग्राहीको कारणबाट सम्झौतामा तोकेको समयभित्र कार्य सम्पन्न हुन नसकी अनुदान रद्द भएमा वा अनुदानको रकम पूरा भुक्तानी नभएमा अनुदानग्राही स्वयम् जिम्मेवार हुनेछ।

(३) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै दातृ निकायको सहयोगमा सञ्चालन हुने कार्यक्रम वा आयोजनाको हकमा अनुदान रकम तथा कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था नेपाल सरकार, प्रदेश सरकार र दातृ निकायबीच भएको सम्झौता बमोजिम हुनेछ।

**५८. प्रचलित कानून बमोजिम हुने**: यस कार्यविधिमा लेखिएको विषयमा यसै कार्यविधि बमोजिम र नलेखिएको विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

**५९. बाधा अड्काउ फुकाउन सक्नेः** यस कार्यविधि बमोजिम कार्यक्रम सञ्चालन गर्दा कुनै बाधा अड्काउ उत्पन्न भएमा सारभूत विषयमा ऐनको दफा ८ बमोजिमको समितिले र प्राविधिक विषयमा निर्देशक समितिले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

आन्तरिक मामिला तथा कानून

अनुसूची-१

(दफा ३ को उपदफा (२) को खण्ड (घ), दफा ४ को उपदफा (२) को खण्ड (घ) र दफा ८ को उपदफा (२) सँग सम्बन्धित)

**छनौट/मूल्याङ्कनका आधारहरु**

(क) उत्पादन सम्बन्धी कार्यक्रमहरुका लागि स्थलगत प्रमाणिकरण मूल्याङ्कनका आधार

| क्र.सं. | मूल्याङ्कनका सूचक | अङ्कभार | प्राप्ताङ्क |
|---|---|---|---|
| **१.** | **भौतिक क्षमता** | **१६** | |
| १.१ | आवेदकको विगतको काम र प्रस्तावित कार्यक्रम बीच तालमेल | २-४ | |
| | विगतमा गरेको काम भन्दा फरक काम निवेदन गरेको | ० | |
| | विगतको कामसँग तालमेल भई कम्तीमा एक वर्ष देखि सोही काम गर्दै आएको | २ | |
| | विगतको कामसँग तालमेल भई कम्तीमा दुई वर्ष देखि सोही काम गर्दै आएको | ३ | |
| | विगतको कामसँग तालमेल भई कम्तीमा तीन वर्ष वा सो भन्दा बढी समय देखि सोही काम गर्दै आएको | ४ | |
| १.२ | भविष्यमा कार्यक्रम विस्तारका लागि संभावना रहेको | २-४ | |
| | शुरुवात नै नभएको वा शुरुवातको लागि निवेदन गरेको व्यवसाय | ० | |
| | संचालनमा रहेको र हालको उत्पादनमा पच्चीस प्रतिशत वृद्धि गर्ने संभावना | २ | |
| | संचालनमा रहेको र हालको उत्पादनमा पचास प्रतिशत वृद्धि गर्ने संभावना | ३ | |
| | संचालनमा रहेको र हालको उत्पादनमा सय प्रतिशत | ४ | |

| क्र.सं. | मूल्याङ्कनका सूचक | अङ्कभार | प्राप्ताङ्क |
|---|---|---|---|
| | वृद्धि गर्ने संभावना | | |
| १.३ | व्यवसाय अनुसार पूर्वाधारहरुको व्यवस्था (जग्गा तथा भवन आदि) | २-४ | |
| | प्रस्तावित व्यवसायका लागि पर्याप्त जग्गा भाडामा लिएको | २ | |
| | प्रस्तावित व्यवसायका लागि आफ्नै स्वामित्वको पर्याप्त जग्गा भएको | ३ | |
| | प्रस्तावित व्यवसायका लागि आफ्नै स्वामित्वको पर्याप्त जग्गा तथा भवन लगायतका पूर्वाधार भएको | ४ | |
| १.४ | कार्यक्रम कार्यान्वयन स्थलमा बजार पँहुच पूर्वाधार व्यवस्था | ४ | |
| | कार्यक्रम स्थलमा बाटो, विद्युत, ढुवानी साधन र बजारसँग पँहुच नभएको | ० | |
| | सम्भाव्य बजारसँग कच्ची मोटर बाटोले जोडिएको, विद्युत र ढुवानी साधन उपलब्ध हुन सक्ने | २ | |
| | सम्भाव्य बजारसँग मोटर बाटोले जोडिएको र विद्युतको व्यवस्था रहेको | ३ | |
| | सम्भाव्य बजारसँग कालोपत्रे मोटर बाटोले जोडिएको, पर्याप्त ढुवानी साधन र विद्युत उपलब्ध हुन सक्ने | ४ | |
| २. | **प्राविधिक क्षमता** | २० | |
| २.१ | भौगोलिक र प्रावधिक उपयुक्तता | ०-५ | |
| | भौगोलिक हिसाबले अनुपयुक्त | ० | |
| | भौगोलिक हिसाबले उपयुक्त | २ | |
| | प्राविधिक दृष्टिकोणले आवश्यक उत्पादन सामाग्रीको उपलब्धता र गुणस्तर बारे जानकारी नभएको | ० | |
| | प्राविधिक दृष्टिकोणले आवश्यक उत्पादन सामाग्रीको उपलब्धता र गुणस्तर बारे जानकारी भएको | ३ | |

| क्र.सं. | मूल्याङ्कनका सूचक | अङ्कभार | प्राप्ताङ्क |
|---|---|---|---|
| २.२ | प्रस्तावित कार्यक्रम सम्बद्ध क्रियाकलापहरुमा नवीन प्रविधिहरुको समावेश | ०-५ | |
| | नवीन प्रविधिहको समावेश छैन | ० | |
| | कम्तीमा एउटा नवीन प्रविधि समावेश | २ | |
| | कम्तीमा दुईवटा नवीन प्रविधि समावेश | ३ | |
| | दुईवटा भन्दा बढी नवीन प्रविधि समावेश | ५ | |
| २.३ | आवश्यक प्रविधि वा प्राविधिक सेवा सम्बन्धी व्यवस्था | १-५ | |
| | प्राविधिक सेवा सम्बन्धी कुनै व्यवस्था नभएको | ० | |
| | विभिन्न तहका सरकारका निकायवाट प्राविधिक सेवा लिने | २ | |
| | स्थानीय स्रोत ब्यक्ति/ब्यवासायिक फार्मवाट प्राविधिक सेवाटेवाको व्यवस्था | ३ | |
| | आफै/आफ्नै स्रोतवाट प्राविधिकको व्यवस्था गरेको | ५ | |
| २.४ | आवेदकले निवेदन गरेको कार्यका लागि तालिम वा सोही कार्यमा काम गरेको प्रमाण | १-५ | |
| | सम्बन्धित विषयमा तीन दिनसम्मको तालिम लिएको | २ | |
| | सम्बन्धित विषयमा सात दिनसम्मको तालिम लिएको/अरुको फार्ममा एकवर्षसम्म सोही काम गरेको | ३ | |
| | सम्बन्धित विषयमा सात दिन भन्दा बढीको तालिम लिएको/अरुको फार्ममा एकवर्ष भन्दा बढी सोही काम गरेको | ५ | |
| **३.** | **वित्तीय क्षमता** | **२५** | |
| **३.१** | **प्रस्तावित कार्यक्रमका लागि निवेदनकले आफ्नै स्रोतबाट लगानी जुटाउन सक्ने** | २५ | |
| | प्रस्तावित कार्यक्रमका लागि निवेदनकले आफ्नो स्रोत र बैंक तथा वित्तिय संस्थाबाट लगानी जुटाउन सक्ने | २० | |
| | प्रस्तावित कार्यक्रमका लागि निवेदनकले बैंक तथा | १५ | |

| क.सं. | मूल्याङ्कनका सूचक | अङ्कभार | प्राप्ताङ्क |
|---|---|---|---|
| | वित्तिय संस्थाबाट मात्र लगानी जुटाउन सक्ने | | |
| | प्रस्तावित कार्यक्रमका लागि निवेदनकले आवश्यक लगानी बारे कुनै योजना उल्लेख नगरेको | ५ | |
| ४. | **संस्थागत क्षमता** | **५** | |
| | ब्यवसायिक क्रियाशिलता छैन | ० | |
| | स्थापना भएको एक वर्षमात्र भएको | १ | |
| | स्थापना पश्चात दुई वर्षयता निरन्तर कारोवार गरेको | २ | |
| | स्थापना पश्चात तीन वर्षयता निरन्तर कारोवार गरेको | ३ | |
| | स्थापना पश्चात तीन वर्षयता निरन्तर कारोवार गरेको तथा कारोवारको अभिलेख समेत राखेको | ५ | |
| ५. | **रोजगारी सिर्जना तथा आयस्तरमा सुधार** | १० | |
| | निवेदनक र निवेदनकको परिवारलाई मात्र रोजगारी उपलब्ध हुने | २ | |
| | समुदायमा रहेका अन्य ब्यक्तिहरुका लागि दैनिक ज्यालादारीमा रोजगारी सिर्जना हुने | ४ | |
| | समुदायमा रहेका अन्य ब्यक्तिहरुका लागि दैनिक ज्यालादारीमा र मासिक पारिश्रमिक दुवै रोजगारी सिर्जना हुने | ६ | |
| | दैनिक ज्यालादारीमा र मासिक पारिश्रमिकका अतिरिक्त स्थानीय समुदायलाई अन्य सहयोग उपलब्ध गराउने क्रियाकलाप निवेदन गरेको | १० | |
| ६. | **प्रस्तावित कार्यक्रमले कृषि/पशुपन्छी व्यवसायिकरणमा पार्ने प्रभाव** | **१०** | |
| | उत्पादित वस्तुले आन्तरिक बजारमा आपुर्तिमा सहयोग पुर्याउने | २ | |
| | उत्पादित वस्तुले कृषि/पशुपन्छीको व्यवसायिकरणमा सहयोग पुर्याउने | ४ | |

| क्र.सं. | मूल्याङ्कनका सूचक | अङ्कभार | प्राप्ताङ्क |
|---|---|---|---|
| | उत्पादित वस्तुले व्यवसायिकरणमा र आयात प्रतिस्थापन दुवैमा सहयोग पुर्याउने | ६ | |
| | उत्पादित वस्तुले व्यवसायिकरणमा र निर्यात प्रवर्द्धन दुवैमा सहयोग पुर्याउने | ८ | |
| | बाँझो जमिनको सदुपयोग, उत्पादित वस्तुले व्यवसायिकरणमा र निर्यात प्रवर्द्धन दुवैमा सहयोग पुर्याउने | १० | |
| ७. | **उत्पादित वस्तुको प्रशोधन, भण्डारण तथा बजारिकरण योजना** | **८** | |
| | कुनैपनि नभएको | ० | |
| | उत्पादित वस्तुको बजारीकरणका लागि खरिदकर्ता पहिचान गरेको | २ | |
| | उत्पादित वस्तुको भण्डारण तथा खरिदकर्ता पहिचान गरी बजारिकरण योजना समावेश भएको | ४ | |
| | उत्पादित वस्तुको प्रशोधन,भण्डारण तथा बजारीकरणका लागि खरिदकर्तासँग औपचारिक रुपमा खरिद सम्झौता गरेको | ६ | |
| | उत्पादित वस्तुको प्रशोधन, भण्डारण तथा बजारिकरण आफैले गर्ने | ८ | |
| ८. | **दलित, एकल महिला, बादी, राजी, राउटे,मुक्त हलिया/कमैया, सिमान्तकृत बर्ग, बिदेश बाट फर्केका युवा लगायत लक्षित बर्ग** | **६** | |
| **जम्मा** | | **१००** | |

ख) भौतिक पूर्वाधार लागि स्थलगत प्रमाणिकरण मूल्याङ्कनका आधार

| क्र.सं. | मूल्याङ्कनका सूचक | अङ्कभार | प्राप्ताङ्क |
|---|---|---|---|
| १. | **भौतिक क्षमता** | **१६** | |

| क्र.सं. | मूल्याङ्कनका सूचक | अङ्कभार | प्राप्ताङ्क |
|---|---|---|---|
| १.१ | **आवेदकको विगतको काम र प्रस्तावित कार्यक्रमबीच तालमेल** | ०-४ | |
| | भौतिक पूर्वाधारका लागि निवेदन गरेको वस्तु उत्पादन नहुने क्षेत्र | ० | |
| | भौतिक पूर्वाधारका लागि निवेदन गरेको वस्तु आंशिक उत्पादन हुने क्षेत्र | २ | |
| | भौतिक पूर्वाधारका लागि निवेदन गरेको वस्तु प्रर्याप्त उत्पादन हुने क्षेत्र | ४ | |
| १.२ | **भविष्यमा कार्यक्रम विस्तारका लागि संभावना रहेको वा नरहेको** | ०-४ | |
| | भौतिक पूर्वाधारका लागि निवेदन गरेको वस्तुको उत्पादन बृद्धि संभावना नरहेको | ० | |
| | भौतिक पूर्वाधारका लागि निवेदन गरेको वस्तुको स्थानीयस्तरमा नै उत्पादनमा बृद्धि गरी पूर्वाधार संचालनको संभावना | ४ | |
| १.३ | व्यवसाय अनुसार पूर्वाधारहरुको व्यवस्था (जग्गा तथा भवन आदि) | १-४ | |
| | प्रस्तावित व्यवसायका लागि प्रर्याप्त जग्गा भाडामा लिएको | १ | |
| | प्रस्तावित व्यवसायका लागि आफ्नै स्वामित्वको प्रर्याप्त जग्गा तथा तीन फेज विजुली भएको | ३ | |
| | प्रस्तावित व्यवसायका लागि आफ्नै स्वामित्वको पर्याप्त जग्गा तथा बाटो विजुली लगायतका पुर्वाधार भएको | ४ | |
| १.४ | कार्यक्रम कार्यान्वयन स्थलमा बजार पँहुच पूर्वाधार व्यवस्था | ४ | |
| | कार्यक्रम स्थलमा बाटो, ढुवानी साधन र बजारसँग पँहुच नभएको | ० | |

| क.सं. | मूल्याङ्कनका सूचक | अङ्कभार | प्राप्ताङ्क |
|---|---|---|---|
| | सम्भाव्य बजारसँग मोटर बाटोले जोडिएको र विजुलीको व्यवस्था रहेको | २ | |
| | सम्भाव्य बजारसँग कच्ची मोटर बाटोले जोडिएको, विजुलीको व्यवस्था रहेको र ढुवानी साधन उपलब्ध हुन सक्ने | ३ | |
| | सम्भाव्य बजारसँग कालोपत्रे मोटर बाटोले जोडिएको, विजुलीको व्यवस्था रहेको र प्रर्याप्त ढुवानी साधन उपलब्ध हुन सक्ने | ४ | |
| **२.** | **प्राविधिक क्षमता** | **१०** | |
| २.१ | भौगोलिक र प्राविधिक उपयुक्तता | ०-५ | |
| | भौगोलिक हिसाबले बाढी पहिरो तथा वातावरणिय रुपमा नकारात्मक प्रभाव गर्ने | ० | |
| | भौगोलिक हिसाबले उपयुक्त | २ | |
| | प्राविधिक दृष्टिकोणले आवश्यक निर्माण सामाग्रीको उपलब्धता र गुणस्तर बारे जानकारी नभएको | ० | |
| | प्राविधिक दृष्टिकोणले आवश्यक निर्माण सामाग्रीको उपलब्धता र गुणस्तर बारे जानकारी भएको | ३ | |
| २.२ | आवश्यक प्रविधि सम्बन्धि ज्ञानको व्यवस्था | १-५ | |
| | प्राविधिक सेवा सम्बन्धी कुनै व्यवस्था नभएको | ० | |
| | स्थानीय स्रोत ब्यक्तिवाट प्राविधिक सेवा खरीद संभावना भएको | १ | |
| | आफै/आफ्नै स्रोतबाट प्राविधिक क्षमता विकासका लागि तालिमको व्यवस्था गरेको | ३ | |
| | आफै/आफ्नै स्रोतबाट प्राविधिकको व्यवस्था गरेको | ५ | |
| **३.** | **वित्तिय क्षमता** | **३०** | |
| | प्रस्तावित कार्यक्रमका लागि निवेदनकले आवश्यक लगानी बारे कुनै योजना उल्लेख नगरेको | ५ | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय

| क.सं. | मूल्याङ्कनका सूचक | अङ्कभार | प्राप्ताङ्क |
|---|---|---|---|
| | प्रस्तावित कार्यक्रमका लागि निवेदनकले बैंक तथा वित्तिय संस्थबाट मात्र लगानी जुटाउन सक्ने | १५ | |
| | प्रस्तावित कार्यक्रमका लागि निवेदनकले आफ्नो स्रोत र बैंक तथा वित्तिय संस्थावाट लगानी जुटाउन सक्ने | २५ | |
| | प्रस्तावित कार्यक्रमका लागि निवेदनकले आफ्नै स्रोतबाट लगानी जुटाउन सक्ने | ३० | |
| ४. | **संस्थागत क्षमता** | **५** | |
| | व्यवसायिक क्रियाशिल नभएको | ० | |
| | स्थापना भएको एक वर्षमात्र भएको | १ | |
| | स्थापना पश्चात दुई वर्षयता निरन्तर कारोवार गरेको | २ | |
| | स्थापना पश्चात तीन वर्षयता निरन्तर कारोवार गरेको | ३ | |
| | स्थापना पश्चात  तीन वर्षयता निरन्तर कारोवार गरेको तथा कारोवारको अभिलेख समेत राखेको | ५ | |
| ५. | **रोजगारी सिर्जना तथा आयस्तरमा सुधार** | ५ | |
| | निवेदनक र निवेदनकको परिवारलाई मात्र रोजगारी उपलब्ध हुने | १ | |
| | समुदायमा रहेका अन्य ब्यक्तिका लागि दैनिक ज्यालादारीमा रोजगारी सिर्जना हुने | २ | |
| | समुदायमा रहेका अन्य व्यक्तिहरुका लागि दैनिक ज्यालादारीमा र मासिक पारिश्रमिक दुवै रोजगारी सिर्जना हुने | ३ | |
| | दैनिक ज्यालादारीमा र मासिक पारिश्रमिकका अतिरिक्त स्थानीय समुदायलाई अन्य सहयोग उपलब्ध गराउने क्रियाकलाप निवेदन गरेको | ५ | |
| ६. | **प्रस्तावित कार्यक्रमले कृषि/पशुपन्छी व्यवसायिकरणमा पार्ने प्रभाव** | १० | |
| | भौतिक पूर्वाधारले आन्तरिक बजारमा आपुर्तिमा सहयोग | २ | |

| क्र.सं. | मूल्याङ्कनका सूचक | अङ्कभार | प्राप्ताङ्क |
|---|---|---|---|
| | पुर्याउने | | |
| | भौतिक पूर्वाधारले कृषि/पशुपन्छीको व्यवसायिकरणमा सहयोग पुर्याउने | ४ | |
| | भौतिक पूर्वाधारले व्यवसायिकरणमा र आयात प्रतिस्थापन दुवैमा सहयोग पुर्याउने | ६ | |
| | भौतिक पूर्वाधारले व्यवसायिकरण र निर्यात प्रवर्द्धन दुवैमा सहयोग पुर्याउने | १० | |
| ७. | **स्थानीय उत्पादकलाई प्राप्त हुने सुविधा** | १० | |
| | भौतिक पूर्वाधार निर्माणबाट उत्पादक किसानहरुलाई कुनै फाईदा नहुने | ० | |
| | भौतिक पूर्वाधार उद्योगले उत्पादक किसानलाई प्रचलित दररेटमा सेवा दिने | २ | |
| | भौतिक पूर्वाधार उद्योगले उत्पादक किसानलाई प्रचलित दररेटको तुलनामा दश प्रतिशत सम्म सस्तो सेवा दिने | ४ | |
| | भौतिक पूर्वाधार उद्योगले उत्पादक किसानलाई प्रचलित दररेटको तुलनामा बीस देखि तीस प्रतिशत सम्म सस्तो सेवा दिने | ६ | |
| | भौतिक पूर्वाधार उद्योगले उत्पादक किसानलाई प्रचलित दररेटको तुलनामा तीस प्रतिशत सम्म सस्तो सेवा दिने र अन्य थप सुविधा उपलब्ध गराउने | १० | |
| ८. | **बजारीकरण योजना** | ८ | |
| | कुनैपनि नभएको | ० | |
| | उत्पादन बजारिकरणका लागि खरिदकर्ता पहिचान गरेको | २ | |
| | उत्पादनको भण्डारण तथा खरिदकर्ता पहिचान गरी बजारीकरण योजना समावेश भएको | ४ | |
| | उत्पादनको प्रशोधन, भण्डारण तथा बजारीकरणका | ६ | |

| क्र.सं. | मूल्याङ्कनका सूचक | अङ्कभार | प्राप्ताङ्क |
|---|---|---|---|
| | लागि खरिदकर्तासँग औपचारिक रुपमा खरिद सम्झौता गरेको | | |
| | उत्पादनको प्रशोधन, भण्डारण तथा बजारीकरण आफैले गर्ने | ८ | |
| ९. | **दलित, एकल महिला, मुक्त हलिया/कमैया, सिमान्तकृत वर्ग, बिदेश बाट फर्किएका युवा लगायत लक्षित बर्ग** | ६ | |
| | **जम्मा** | १०० | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय

अनुसूची-२

(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

**अनुदान प्रतिशत**

| क्र. सं. | कार्यक्रमको विवरण | समूह/ सहकारी | निजी फर्म/कम्पनी | कैफियत |
|---|---|---|---|---|
| १. | साना सिँचाई पूर्वाधार निर्माण तथा मर्मत संभार | पचासी प्रतिशत | पचास प्रतिशत | |
| २. | कृषि तथा पशुपन्छी जन्य उत्पादन, प्रशोधन तथा बजारिकरणमा प्रयोग हुने यन्त्र, मेसिनरी औजार तथा उपकरणमा अनुदान | पचास प्रतिशत | पचास प्रतिशत | |
| ३. | कोल्ड स्टोर, कोल्ड रुम, रष्टिक स्टोर, सेलार स्टोर, संकलन केन्द्र, कृषि बजार/हाट बजार लगाएतका अन्य भौतिक संरचना निर्माण | सत्तरी प्रतिशत | पचास प्रतिशत | |
| ४. | लक्षित वर्गको समुदायमा सञ्चालन हुने गरिब विपन्न तथा लक्षित वर्ग विशेष कार्यक्रम | शत प्रतिशत | शत प्रतिशत | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय

अनुसूची-३

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

**सूचना प्रकाशनको ढाँचा**

कर्णाली प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

..................... कार्यालय

**निवेदन आव्हानको सूचना**

**प्रथम पटक प्रकाशित मिति ....................**

यस ............... मन्त्रालय/निर्देशनालय/कार्यालयको आ.व. .... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिलमा उल्लेखित कार्यक्रम संचालन गर्नु पर्ने भएकाले सम्बन्धित क्षेत्रका ईच्छुक कृषक, कृषक समुह, सहकारी संस्था, व्यवसायीक फर्म/कम्पनी/उद्यमी/व्यवसायीहरुले यो सूचना प्रकाशित भएको मितिले ...... दिनभित्र तोकिएको ढाँचामा आवेदन पेस गर्न हुन आह्वान गरिन्छ।

**तपसिल:**

१. कार्यक्रमको नाम:

२. आवश्यक कागजातहरु

(क) संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपि (आवश्यकता अनुसार),

(ख) कृषि व्यवसाय गर्ने अनुसूची-४ अनुसारको निवेदन र प्रतिवद्धता,

(ग) व्यावसायिक कृषि फर्मको हकमा गत आर्थिक वर्षको संस्थाको लेखापरीक्षण भएको प्रतिवेदन प्रतिलिपि, गत आर्थिक वर्ष सम्म कर बुझाएको वा कर छुट भएको भए सम्बन्धित कार्यालयको प्रमाण,

(घ) जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाणपत्रको प्रतिलिपि,

(ङ) अन्य आवश्यक कागजात।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

अनुसूची-४

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

**<u>अनुदानको लागि पेस गर्ने निवेदन, प्रस्ताव र प्रतिवद्धताको ढाँचा</u>**

मितिः

**विषयः <u>अनुदान उपलब्ध गराई दिन हुन</u>।**

श्रीमान् कार्यालय प्रमुखज्यू,

.....................................।

महोदय

तहाँ मन्त्रालय/कार्यालयबाट मिति ...... मा प्रकाशित सूचना अनुसार सञ्चालन हुन लागेको ..... कार्यक्रममा म/हामी ..... समूह/सहकारी/कृषि फर्म/कृषि कम्पनी समावेश हुन इच्छुक छु/छौं। कार्यक्रम सञ्चालनको लागि देहाय बमोजिमको विवरण र छुट्टै निवेदन तयार गरी यसै निवेदनसाथ संलग्न गरेको हुँदा अनुदान सहयोग उपलब्ध गराइ दिनु हुन अनुरोध गर्दछौं/गर्दछु।

**<u>निवदेक</u>**

कृषक समूह/कृषि सहकारी संस्था/कृषि फर्म/उद्यमी कृषक अध्यक्ष/ प्रतिनिधिको,-

दस्तखतः

नाम थरः

पदः

आन्तरिक मामिला तथा कानून मन्त्रालय

सम्पर्क मोबाइल

नम्बरः

मितिः

संस्थाको छापः

## १. प्रस्तावित परियोजनाको सारांश

| | |
|---|---|
| अनुदानग्राहीः सहकारी/समूह/कृषि फर्म/ व्यावसायिक कृषकको नामः | |
| ठेगानाः | |
| कार्यक्रमको नामः | |
| कार्यक्रमबाट लाभान्वित विवरण (घरधुरी संख्या)<br>महिला .................... पुरुष ................. जम्मा ....................<br>दलित ................ जनजाति ................. | |
| परियोजना सञ्चालन स्थलः | |
| हाल गरिएका मुख्य मुख्य क्रियाकलापहरुः | |
| प्रस्तावित परियोजनाको प्रमुख उद्देश्यः<br>(यसमा आय आर्जन वृद्धि गर्ने, व्यावसायिक खेती वृद्धि गर्ने, रोजगारी वृद्धि गर्ने, बगैंचा सुधार र क्षेत्रफल विस्तार जस्ता क्रियाकलाप खुलाउने) | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय

**२. अनुदान प्राप्त रकमवाट गरिने क्रियाकलापको विवरणः**

| क्र.सं | क्रियाकलाप | इकाई | परीमाण | दर | जम्मा | अनुदान | स्वलगानी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | जम्मा | | | | | | | |

**३. उत्पादन योजनाः**

| क्र.सं. | उत्पादन वस्तुको नाम | इकाइ | परिमाण |
|---|---|---|---|
| | | | |
| | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय

४. **प्रतिबद्धता पत्रः**

## <u>प्रतिबद्धता पत्र</u>

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कृषि विकास निर्देशनालय, ...... कार्यालय, .... को मिति ........... को सूचना अनुसार ......... कार्यक्रममा सहभागीताको लागि इच्छुक भई सोको व्यावसायिक योजना सहितको आवेदन पेस गरेको/का छु/छौं। उक्त कार्यक्रममा छनौट भएमा व्यावसायिक योजनामा उल्लेख भए बमोजिमको कार्य गर्नेछु र .... वर्षसम्म निरन्तरता दिनेछु/छौं। व्यावसायिक योजना अनुसारको कार्य नगरेमा वा आगामी पाँच वर्षभित्र सो व्यवसाय बन्द गरेमा प्रदेश सरकारबाट प्राप्त अनुदान रकम प्रचलित कानून बमोजिम ब्याज सहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/छौं। साथै सञ्चालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुऱ्याउने प्रतिबद्धता समेत व्यक्त गर्दछु/छौं। प्रस्तावित योजनासँग सम्बन्धित कार्यक्रमका लागि विगत दुई आर्थिक वर्षभित्र कुनै पनि निकायबाट अनुदान नलिएको व्यहोरा अनुरोध छ।

**<u>आवेदकको तर्फबाट</u>**

नामः

पदः

सम्पर्क नम्बर.:

दस्तखतः

मितिः

संस्थाको नामः

ठेगानाः

संस्थाको छापः

औंठा छाप

| दायाँ | बायाँ |
| --- | --- |
| | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय

अनुसूची- ५

(दफा १० को उपदफा (२) सँग सम्बन्धित)

**सम्झौताको ढाँचा**

यो सम्झौता पत्र ......... मन्त्रालय/कार्यालय/केन्द्र (यसपछि "पहिलो पक्ष" भनिएको) र ....... कृषि फर्म /उद्यमी /कृषक ...... गा.पा/नपा वडा नम्बर........., ....... टोल/गाउँ (यसपछि "दोस्रो पक्ष" भनिएको) बीच तपसिलको सर्त बमोजिमको कुरालाई पालना गर्ने कुरा मञ्जुर गरिन्छ।

यो सम्झौता, सम्झौता भएको मिति ....... देखि प्रारम्भ भएको मानिनेछ र यो सम्झौतामा संलग्न स्वीकृत निवेदन/अनुमान बमोजिमको कार्य यथाशीघ्र सञ्चालन गरी मिति ......... साल ........ महिना ..... गतेसम्म सम्पन्न गरेर आवश्यक कागजात सहित दोस्रो पक्षले पहिलो पक्ष समक्ष पेस गर्नु पर्नेछ।

१. यस सम्झौता बमोजिमको ...... कार्यक्रम सञ्चालन सम्बन्धी सम्पूर्ण कार्य दोस्रो पक्ष आफैले गर्नु पर्नेछ।दोस्रो पक्ष आफैले नगरि अन्य व्यक्ति वा संस्था मार्फत गराउन पाइने छैन।

२. सम्झौता बमोजिमको कार्य सञ्चालन तथा सम्पन्न गर्नको लागि पहिलो पक्ष मार्फत अनुदान स्वरूप रु. ..... (अक्षरेपी ......) र दोस्रो पक्षको लागत सहभागीता रु. ......(अक्षरेपी .........) बेहोरिनेछ।

३. दोस्रो पक्षले सम्झौता बमोजिमको ...... कार्यक्रम अन्तर्गत ...... व्यवसाय/उद्यम सञ्चालनका लागि सम्झौतामा समावेश गरिएको स्रोत बाहेक अन्य कुनै सरकारी वा गैर सरकारी संघ संस्थावाट सहयोग, अनुदान आदि प्राप्त गरिने भए प्रथम पक्षलाई जानकारी गराउनु पर्नेछ।

४. दोस्रो पक्षले सम्झौता बमोजिमको काम गर्दा प्रथम पक्षबाट खटिएका प्राविधिकले दिएको निर्देशनको पालना गर्नु पर्नेछ।।

५. दोस्रो पक्षले ....... कार्यक्रम अन्तर्गत ..... व्यवसाय सञ्चालन सम्बन्धी कार्यको सार्वजनिक जानकारीका लागि सार्वजनिक परिक्षण गराउनु पर्नेछ।

६. प्रथम पक्षले दोस्रो पक्षलाई भुक्तानी दिदा प्रथम पक्षसमक्ष बिल/रसिद पेस भएपछि दोस्रो पक्षको बैंक खाता मार्फत भुक्तानी दिनेछ।

७. दोस्रो पक्षको लापरवाहीको कारणबाट कार्य सम्पन्न नभई हानि नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षले लिनेछ।

८. सम्झौता बमोजिमको कार्य गर्ने सम्बन्धमा कुनै विवाद आएमा प्रथम पक्षको निर्णय अन्तिम मानिनेछ।

९. कार्यक्रमको विस्तृत लगत इष्टिमेट डिजाइन संलग्न बमोजिम हुनेछ।

१०.यो सम्झौतामा लेखिएकोमा यसै बमोजिम हुनेछ। अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

| <u>पहिलो पक्ष</u> | <u>दोस्रो पक्ष</u> |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः |
| मितिः | मितिः |
| कार्यालयको छापः | संस्थाको छापः |

आन्तरिक मामिला तथा कानून मन्त्रालय

| **<u>साक्षी</u>** | **<u>साक्षी</u>** |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| ठेगानाः | ठेगानाः |
| मितिः | मितिः |

इति संवत् २०........ साल .... महिना ... गते रोज ..... शुभम्।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

अनुसूची-६

(दफा ११ को उपदफा (२) सँग सम्बन्धित)

**<u>कार्यसम्पन्न प्रतिवेदनको ढाँचा</u>**

**कर्णाली प्रदेश सरकार**

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**

**................................निर्देशनालय**

**...........................................**

**........................ कार्यक्रम**

**कार्यसम्पन्न प्रतिवेदन**

योजनाको नामः स्थानः

ठेगानाः सम्झौता मितिः

कार्यसम्पन्न भएको मितिः कार्यसम्पन्न हुनुपर्ने मितिः

सम्पर्क व्यक्ति/अध्यक्षको नामः

| क्र.सं. | कार्यको विवरण | इकाई | इष्टिमेट अनुसार | | | खुद काम भएको (स्थलगत नापी अनुसार) | | | फरक | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | लागत | जम्मा | परिमाण | लागत | जम्मा | परिमाण | लागत | जम्मा | |
| | | | | | | | | | | | | |

सम्झौता अनुसारको भौतिक परिमाणमा कार्य सम्पन्न भएको छ/छैन।

तयार गर्ने जाँच गर्ने सदर गर्ने

आन्तरिक मामिला तथा कानून मन्त्रालय

अनुसूची-७

(दफा १३ को उपदफा (१) सँग सम्बन्धित)

**अनुदानग्राहीको विवरण ढाँचा**

| क.सं. | अनुदान ग्राहीको नाम | ठेगाना | सम्पर्क नम्बर | अनुदान आयोजना/ कार्यक्रम | प्राप्त अनुदान रकम (रु.) | स्वलगानी रकम (रु.) | अनुदान लगानीका मुख्य क्षेत्र | अनुदान प्राप्त मिति |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय

अनुसूची-८

(दफा १५ को उपदफा (३) को खण्ड (ख) सँग सम्बन्धित)

**औजार, यन्त्र तथा उपकरण आपूर्तिकर्ताको लागि निवेदन फाराम (दररेट वा आसयपत्र)**

**(सप्लायर्सको प्रयोजनका लागि)**

१. आपुर्तिकर्ता फर्म/कम्पनीको नामः ............ ............ ............

२. मूख्य कार्यालय रहेको ठेगानाः ............ ............ ............

टेलिफोन नं. .......... फ्याक्स नं. ....... ईमेलः .........

३. जिम्मेवार व्यक्तिको नामः ............ ............ ............ ............

पदः ..... टेलिफोन नं. .... मोबाईल नं ..... फ्याक्स नं ...........

ईमेलः ............ फर्म/कम्पनी रजिष्ट्रेशन नं. ............

रजिष्ट्रेशन गरिएको कार्यालयः ............

रजिष्ट्रेशन मितिः ............

४. पान/मूल्य अभिवृद्धि कर दर्ता नं. ...... दर्ता मिति .........

५. व्यवसायको किसिम/उद्देश्यः ............

६. विगत तीन वर्षको वित्तीय विवरण (विगत ३ वर्षको लेखापरीक्षण प्रतिवेदन संलग्न राख्ने)

**वासलातको विवरण**

| आर्थिक वर्ष | जम्मा सम्पत्ति | जम्मा दायित्व | जम्मा मूल्य | वर्तमान सम्पत्ति | वर्तमान दायित्व |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

**आय विवरण**

| | | | |
|---|---|---|---|
| आर्थिक वर्ष | | | |
| जम्मा आम्दानी | | | |
| कर तिर्नु अघिको मुनाफा | | | |
| कर तिरेपछिको मुनाफा | | | |

**वित्तीय स्रोतहरु (आवश्यकता अनुसार तालिकामा थप गर्ने)**

| क्र.सं. | वित्तीय लगानीका स्रोतहरु | रकम )रु(. |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| | | |

नोटः बैङ्कको पत्र अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ।

७. उपलब्ध जनशक्ति विवरण र क्षमताः

| क्र.सं. | जनशक्तिको नाम | पद | शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपिअनिवार्य रुपमा संलग्न (गर्ने | अनुभव (वर्ष) |
|---|---|---|---|---|
| | | ब्यवस्थापक | | |

| | | | | |
|---|---|---|---|---|
| | | लेखा प्रमुख, बजार व्यवस्थापक, विक्रेता | | |
| | | ईन्जिनियर,-सव ईन्जिनियर | | |

नोटः जनशक्तिको व्यक्तिगत विवरण र प्रमाणपत्रहरु अनिवार्य रुपमा संलग्न राखिएको हुनु पर्नेछ। अन्यथा मूल्याङ्कनको लागि योग्य हुनेछैन।

८. फर्म/कम्पनीले आपूर्ति गर्न सक्ने औजार यन्त्र उपकरणहरु र तिनिहरुको दररेट (यथार्थ क्याटलगहरु र स्पेसिफिकेशन संलग्न गर्ने):

**औजार यन्त्र उपकरणहरुको संक्षिप्त स्पेसिफिकेशनः**

| क्र.सं. | औजार यन्त्र उपकरणको नाम | ब्राण्ड | मोडेल | क्षमता एच.पी.(HP) | प्रति इकाई मूल्य रु . )मूल्य अभिवृद्धि कर समेत | | टूलबक्स सहीत छुटमा दिइने स्पेयर पार्टस | विक्रि पछि नि शुल्क : सर्भिसिङ्ग गरिने पटक संख्या |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | मूल्य अङ्कमा | मूल्य अक्षरमा | | |
| | | | | | | | | |

९. फर्म/कम्पनीसँग हाल आपुर्ति गर्न सकिने औजार यन्त्र उपकरणहरुको उपलव्धताको विवरण (एक आर्थिक वर्षका लागि)

| क्र.सं. | औजार यन्त्र उपकरणको नाम | ब्राण्ड | मोडेल | स्टकमा उपलव्ध (संख्या) | एक वर्षमा आपुर्ति गर्न सकिने परिमाण | दर रेट अङ्कमा )रु(. | जम्मा रकम )रु(. |
|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | |

एक आर्थिक वर्षमा आपुर्ति गर्न सकिने कृषि औजार यन्त्र उपकरणको जम्मा मूल्यको दुई दशमलव पाँच प्रतिशत धरौटी रकम बैंकमा जम्मा गरेको भौचर वा राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकको बैंक ग्यारेण्टी संलग्न हुनु पर्ने । सो संलग्न नभएको फर्म/कम्पनी मूल्याङ्कनका लागि योग्य हुनेछैन ।

१०.स्पेयरपार्टस (Spare parts) को उपलव्धताः

| क्र.सं. | स्पेयरपार्टसको नाम | परिमाण | प्रति इकाई दररेट अङ्कमा | जम्मा रकम )रु(. |
|---|---|---|---|---|
